# आ.व. ०७८।०७९ को सामाजिक परिक्षण प्रतिवेदन

Submitted To

## Dipayal Silgadhi Muncipality

(दिपायल सिलगढी नगरपालिका , डोटी)




Submitted By

## न्यायका लागि संचार, नेपाल

Media For Justic (MJ Nepal)

**केआईसिंह-४, वायल डोटी**

# सामाजिक परीक्षकको तर्फवाट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) स्थानीय तहहरुले सामाजिक परीक्षण गर्नु पर्ने व्यवस्था गरेको छ । आर्थिक प्रशासन नियमावली २०६४ को नियम २०१ बमोजिम एक आ.व.मा सम्पादन गरेका वार्षिक कायक्रमहरू सो आ.व. समाप्त भएको ४ महिनाभित्र सामाजिक परीक्षण गर्नु पर्ने व्यवस्था गरिएको छ। दिपायल सिलगढी नगरपालिकाको सामाजिक परीक्षण कार्यबिधि, २०७६ अनुसार आर्थिक बर्ष सम्पन्न भएको चार महिनाभित्र सामाजिक परीक्षण गरिसक्नु पर्ने व्यवस्था गरिएको छ।

कानूनी तथा नीतिगत व्यवस्था हुँदाहुँदै पनि डोटी जिल्लाका स्थानीय तहहरुले सामाजिक परीक्षण गर्न सकेका छैनन् । यस अवस्थामा राज्यको पुनर्संरचना भएपछि दिपायल सिलगढी नगरपालिकाले नियमीत रुपमा सामाजिक परीक्षण गरिरहेको प्रति खुशी लागेको छ । यसबाट अन्य पालिकाहरुले समेत सिक्न जरुरी छ।

दिपायल सिलगढी नगरपालिकाले आर्थिक वर्ष २०७८/०७९ को सामाजिक परीक्षण गर्ने जिम्मा दिएकोमा नगरपालिकाप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । सामाजिक परीक्षणका क्रममा आवश्यक सहयोग तथा मार्गनिर्देश गर्नु हुने नगर प्रमुख बाजी सिं खड्का 'बिजय' , उपप्रमुख कलावती साउँद, निमित्त प्रमुख प्रशासकीय अधिकृत शंकर सुचीकार, वडाध्यक्ष ज्यूहरु, गाउँ कार्यपालिकाका सदस्यहरु, सभाका सदस्यहरु, लिजा फोकल पर्सन तथा नगरपालिकाका सामाजिक विकास अधिकृत रमेशचन्द्र जोशी र नगरपालिकाका सम्पूर्ण शाखा/इर्काईका प्रमुख तथा अन्य कर्मचारीहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु । यस्तै सूचना संकलनको क्रममा आवश्यक सूचना तथा प्रतिवेदन उपलव्ध गराई दिने बिषयगत कार्यालयका प्रमुख तथा सवै कर्मचारीहरु, गैससका पदाधिकारी तथा कर्मचारीहरुप्रति धन्यवाद व्यक्त गर्न चाहान्छु ।

सामाजिक परीक्षणको कार्यशाला गोष्ठीमा सहभागि भई सामाजिक परीक्षकहरुवाट प्रस्तुत गरिएको प्रतिवेदनमा रचनात्मक टिप्पणी तथा आवश्यक सुझावहरु दिएर प्रतिवेदनलाई पूर्णता दिनमा सहयोग पुऱ्याउनु हुने राजनीतिक दलका आदरणीय नेता ज्यूहरु, सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, गैससका प्रमुख तथा प्रतिनिधिहरु, सहकर्मी सञ्चारकर्मी मित्रहरु, नागरिक समाजका प्रतिनिधिहरु र आम सेवाग्राहीहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु।

नगरपालिकाको सामाजिक परीक्षणका क्रममा थुप्रै रचनात्मक सुझावहरु आएका छन । ति सुझावहरुको कार्यान्वयनमा नगरपालिका, राजनीतिक दलका आदरणीय नेता ज्यूहरु र बिषयगत कार्यालयहरुको समेत महत्वपूर्ण भुमिका रहनेछ भन्ने आशा वोकेको छु । नगरपालिका एक्लैले गरेर नगरको समग्र बिकास र सुशासन कायम हुन सक्दैन । त्यसैले सवैको पहलकदमीका लागि सामाजिक परीक्षकको तर्फवाट आग्रह समेत गर्दछु ।

धन्यवाद ।

सामाजिक परीक्षक

मोहन शाही

## कार्यकारी सारांश

सार्वजनिक निकायको संस्थागत गतिबिधीहरुलाई पारदर्शि , जवाफदेही र जनउत्तरदायी बनाउन हरेक आर्थिक वर्षको एक पट गरिने कृयाकलाप सामाजिक परीक्षण हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५)मा स्थानीय तहहरुले समाजिक परीक्षण गर्नु पर्ने प्रावधान छ । यसैअनुसार दिपायल सिलगढी नगरपालिकाले सामाजिक परीक्षण कार्यविधि, २०७५ को अधिनमा रही दिपायल सिलगढी नगरपालिकाको कार्यालय, डोटीको आर्थिक वर्ष २०७८/०७९ को सामाजिक परीक्षण गरिएको छ ।

जवाफदेही र पारदर्शि बनाउन नेपालमा विभिन्न औजारहरुको प्रयोग हुँदै आएको छ। सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, खर्चको सोधखोज, सामुदायिक अंक पत्र जस्ता विभिन्न औजारहरुको सही उपयोग गर्न सक्यो भने सुशासनमैत्री बनाउन सहज हुन्छ। निर्दिष्ट जिम्मेवारी पूरा गरे नगरेको बारे अध्ययन तथा विश्लेषण गर्न आवश्यक सूचना तथा जानकारी संकलन गर्ने क्रममा स्थानीय तहसँग सम्वन्धित विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन तथा समिक्षा गरिएको थियो । त्यस्तै नगरपालिकाका जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख, आयोजना प्रमुख, विषयगत कार्यालय प्रमुख लगायत सम्वन्धित कर्मचारी तथा सरोकारवालाहरूसँग अर्धसंरचित (Semi-structured) अन्तरवार्ता लिनुका साथै छलफल समेत गरिएको थियो । यसरी प्राप्त सूचना तथा जानकारीहरूको आधारमा नगरपालिकाको सामाजिक परीक्षण कार्यविधि, २०७५ को अनुसूची २ र ३ मा उल्लिखित ढाँचामा आधारित प्रारम्भिक प्रतिवेदन तयार गरी सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिएको थियो । छलफलमा उठेका सवाल र जवाफलाई समेटी अन्तिम प्रतिवेदन तयार गरिएको छ ।

नगरपालिकाको सामाजिक जिम्मेवारी सम्पादनतर्फ यस सामाजिक परीक्षणबाट देखिएका सबल तथा दुर्वल पक्षहरु यसप्रकार छन् :

**यस बर्षका राम्रा अभ्यासहरु**

- ✓ भैरवकोट-दुधेश्वर पर्यटकीय झोलुङ्गे पुल निर्माण निर्माण
- ✓ महिला उद्यमी, फरक क्षमता भएका अपाङ्ग तथा दलितहरुलाई व्यवसाय दर्तामा ५० प्रतिशत छुट
- ✓ संघसंस्थाहरुको सहयोगमा ०७८ चैतमा वडा नं. ८ लाई बालविवाहमुक्त वडा घोषणा गरिनु
- ✓ बालश्रम निर्मुल गर्नका लागि बिशेष अभियान सञ्चालन गरिएको
- ✓ बजेट तथा कार्यक्रम बनाउन अघि सार्वजनिक रुपमा सूचना प्रकाशन गरिएको
- ✓ धामीगाउँ सडक निर्माण
- ✓ कलेना स्वास्थ्यचौकी डीपीआर तयार गर्नुका साथै भवन निर्माण
- ✓ चौखान माविको ४ कोठे भवन निर्माण
- ✓ वडा नं. २ मा सर्पदंश केन्द्र निर्माण
- ✓ वडा नं. ३ मा स्वास्थ्यचौकी तथा वर्थिङ्ग सेन्टर निर्माण
- ✓ कलेना सडकको वातावरणीय प्रभाव अध्ययन
- ✓ शैलेश्वरी सौन्दर्य निर्माण
- ✓ किशोरीहरुलाई आत्मरक्षा सम्वन्धी तालिम सञ्चालन

- ✓ बिद्यालयहरुमा किशोरीहरुलाई निशुल्क सेनीटरी प्याड बितरण
- ✓ बालबिवाह, छाउपडि प्रथा न्यूनीकरणका लागि प्रयास ।
- ✓ बालश्रममुक्त नगरपालिका वनाउने कार्यक्रम अन्तरगत
- ✓ आधारभुत तहको पाठ्यक्रम निर्माण
- ✓ स्वरोजगार प्रबर्धनका लागि १९७७ जनालाई वेरोजगार सुचीकृत गरी २ सय ४७ जनालाई रोजगारका लागि परिचालन गरिनु
- ✓ आव ०७७/०७८ मा १ करोड ४ लाख ११ हजार भन्दा कम राजश्व संलकन गरेको दिपायल सिलगढी नगरपालिकाले ०७८/ ०७९ मा भने रु १ करोड ३९ लाख ६६ हजार राजश्व संकलन गर्न सफल भएको छ। गतभन्दा २८ लाख बढी राजश्व संकलन भएको छ ।
- ✓ वजार व्यवस्थापन र सार्वजनिक शौचालय निर्माण गर्नु ।
- ✓ १० बर्षे नगर शिक्षा योजना निर्माण
- ✓ आधारभुत तह -कक्षा १-८) पाठ्यक्रम निर्माण
- ✓ शिक्षा पार्श्वचित्र २०७८ निर्माण

**सबल पक्षहरु**

- ✓ नगपालिकाले बार्षिक नीति तथा कार्यक्रम नियमित रुपमा तयार गर्नु,
- ✓ प्राविधीक तथा योजना शाखातर्फ जनशक्ति अभाव हुन नदिनु
- ✓ सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत भत्ता प्राप्त गर्नेहरुको सूची अद्यावधिक गर्दै उक्त भत्ता वितरणलाई सहज बनाइनु,
- ✓ स्वास्थ्य सेवाको पहुँचमा बिस्तार गर्न बिशेष पहलको थालनु गर्नु ।
- ✓ स्वास्थ्य संस्थाभन्दा एक घण्टा टाढा रहेका एक हजार जनसंख्यालाई स्वास्थ्य सेवाको विस्तार गरी पहुँच बृद्धि गर्नु ।
- ✓ सम्पन्न सबै योजनाहरुको भुक्तानी हुनु

**दुर्वल पक्षहरु :**

- ✓ नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम र बजेटको तालमेल मिलाउन नसक्नु,
- ✓ करार जनशक्ति धेरै हुनु, कार्यालयमा भएको जनशक्तीको सही प्रयोग हुन नसक्नु,
- ✓ भौतिक पूर्वाधारका आयोजना कार्यान्वयन गर्ने क्रममा वातावरणीय परीक्षण/प्रभाव मुल्याङकन नहुनु,
- ✓ नगरकार्यपालिकाबाट ठोस तथा परिणाममुखी योजना भन्दा टुक्रे योजनामा प्राथमिकता दिनु
- ✓ आन्तरिक राजश्वबृद्धिमा नगरपालिकाले आवश्यक रणनिती बनाइ कार्यान्वयन गर्न नसक्नु
- ✓ बेरुजु फच्र्यौटमा उल्लेख्य पहल नहुनु ।
- ✓ आयोजनाहरूको प्रभावकारी रुपमा अनुगमन तथा मूल्यांकन नहुनु, सञ्चालन गरिएका योजनामार्फत् दीगो विकासमा जोड दिन नसकिएको तथा आयोजनाहरू कार्यान्वयन गर्दा कार्य तालिका अनुसार गर्न नसकिएको आदि ।

१५. **नगरपालिकाले भोगेका प्रमुख समस्या/चुनौतीहरु :**

- ✓ नीति नियम र कानुनभित्र रहेर कार्यसम्पादन गर्न कर्मचारी र जनप्रतिनिधीबिच साझा धारणा र बुझाइ नबन्नु
- ✓ बसपार्कको दिगो व्यवस्थापन हुन नसकेको ।
- ✓ दरवन्दी अनुसार कर्मचारीको पदपूर्ति हुन नसकेको ।
- ✓ फोहरको दिगो व्यवस्थापनमा समस्या ।
- ✓ नयाँ सडकहरु स्तरबृद्धि हुन नसक्दा बिपद्का घटनामा बृद्धि ।
- ✓ नगरभित्रको हुने खाने परिवारहरुबाटै पुनः बालश्रमिक राख्ने प्रयास भईरहनु ।
- ✓ बालबिवाह, छाउपडि प्रथा, बिद्यालय छोड्ने दर, बिद्यालय छोडेर भारत जाने गरेको ।
- ✓ तिव्र बसाई सराईको समस्या
- ✓ खानेपानी अभाव

**नगरबासीहरुवाट आएका गुनासाहरु :**

- ✓ नगरपालिकाले विनियोजन गरेको वजेटका वारेमा लामो समयसम्म पनि उपभोक्ताहरुलाई जानकारी नहुने गरेको ।
- ✓ नगरपालिकाले आवधिक योजना वनाई कार्यान्वयन गर्न नसकेको ।
- ✓ आवश्यकताका आधारमा नभई भनसुनका आधारमा योजना पास हुने गरेको ।
- ✓ सेवाग्राहीका गुनासाहरु नसुन्ने गरेको ।
- ✓ बस्तीस्तरको योजना तर्जुमा भेलालाई प्रभावकारी वनाउन नसकेको ।
- ✓ नगरपालिकाले संस्थागत विकास र सुशासनको बिषयलाई पनि केन्द्रमा राखेर काम गर्नु पर्ने ।
- ✓ योजनाहरुको प्रभावकारी अनुगमन हुन नसकेको ।
- ✓ योजनामा नाममात्रको सार्वजनिक परीक्षण हुने गरेको ।
- ✓ नगरसभाले स्वीकृत गरेका योजनाहरुलाई वडास्तरमा सार्वजनिक गर्नु पर्ने र सम्वन्धित टोललाई पनि यसको जानकारी दिनु पर्ने ।

१७. **सामाजिक परीक्षकको तर्फबाट टिप्पणी : सुधार गर्नु पर्ने पक्षहरु**

- ✓ नगरपालिकाको नीति तथा कार्यक्रम र बिनियोजित वजेटको सम्वन्ध मिलेको देखिदैन । नीति तथा कार्यक्रमले कृषि तथा आर्थिक विकासलाई प्राथमिकतामा राखेको देखिन्छ तर वजेटले भौतिक पूर्वाधारलाई बढी केन्द्रित गरेको देखिन्छ । परिणाममुखि तर सक्नेजति नीति बनाएर योजनाहरुको तर्जुमा गर्नु उपयुक्त हुन्छ । निती तथा कार्यक्रममा उल्लेख भएका नगर यातायात गुरुयोजना (**MTMP**) अद्यावधिक , सिसि क्यामेरा जडान, समावेशी पार्कको निर्माण, नगरको सिंचाई गुरुयोजना, ठूला आयोजनाको लागि बिस्तृत परियोजना प्रतिबेदन(डिपिआर) तयार पार्न र आबस्यकता अनुरुप बाताबरणीय प्रभाव मूल्यांकन (EIA) एबं प्रारम्भिक बातारणीय परीक्षण (IEE) गर्ने कार्यलाई प्राथमिकता दिने जस्ता नगरको विकासमा महत्व राख्ने योजनाहरु कार्यान्वयन भएका छैनन् ।

- ✓ नगरपालिकाले नवौं नगरसभाबाट मिति २०७८/०३/२२ मा पारित गरेको नीति, बजेट तथा कार्यक्रम स्थानीय राजपत्रमा प्रकाशन गरेको देखिएन । स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय राजपत्रमा प्रकाशन गरी नगरपालिका पारदर्शि हुनुपर्दछ ।

- ✓ टुक्रे योजनाहरु बिनियोजीत गर्नु कार्यकर्तालाई पोस्ने उदेश्य हुन्छ । आर्थिक बर्ष ०७८।०७९ मा ७३९ योजनाहरुमध्य १ लाख सम्मका २१९, १-२ लाखसम्मका १६९, २-५ लाखसम्मका २५७, ५-१० लाख सम्मका ५८, १०-५० लाखसम्मका २६ र ५० लाख माथिका १० योजना मात्र भेटिए । कार्यालयले योजना छनोट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दिर्घकालिन प्रकृतिका ठुला योजना छनोट नगरी सानासाना र टुके योजनामा ठुलो बजेट छुट्याएको अवस्था छ । ठुलो योजना छनोटलाई प्राथमिकता राखिनु पर्दछ ।
- ✓ नगरको बसाईसराई प्रबृती अत्यन्तै लज्जीत बनाउने अवस्थाको छ । आर्थिक बर्ष ०७८।०८९ मा ५ सय २४ जना बसाई सरेर बाहिर गएकोमा जम्मा ६७ जनामात्र यस नगरपालिकामा आएका छन् । यो तथ्यांकले जनप्रतिनीतिहरुले यस कुरामा गम्भिरता नदेखाउने हो भने अवको ७० बर्षमा दिपायल सिलगढी नगरपालिका मानवविहीन क्षेत्र बन्न पुग्नेछ । बसाइसराईलाई निरुत्साहीत गर्ने योजनातर्फ ध्यान दिन जरुरी छ ।
- ✓ आर्थिक बर्ष ०७८।०७९ मा केन्द्रीय अनुदानवाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४ प्रतिशत मात्र रहेको छ । तसर्थ पालिकाको आन्तरिक आय संकलनको दायरलाई फराकिलो पार्दै आन्तरिक आयबृद्धि गर्नेतर्फ ध्यानदिनुपर्ने देखिन्छ ।
- ✓ एक आर्थिक बर्षमा नगरपालिकामा जम्मा ४ वटा मात्र लिखितरुपमा सूचनाको माग आएको छ । सूचनाको हकबारे स्थानीयबासिन्दालाई जागरुक गराउनु पालिकाको पनि दायित्व हो ।
- ✓ सुचनाहरुको भण्डारण, दस्तावेजीकरण तथा अभिलेखीकरण पक्ष संस्थागत हुन सकेको छैन । नगरपालिकाका सूचना कर्मचारीको सरुवासंगै निस्कृय हुने देखिन्छ । सूचनाको व्यवस्थापन संस्थागत बनाउन जरुरी छ ।
- ✓ सार्वजनिक तहले हरेक ३ महिनामा स्वतः सूचना प्रकाशन गर्नु पर्ने प्रावधानलाई नगरपालिकाले कार्यान्वयन गर्न सकेको छैन । सो प्रावधानलाई कार्यान्वयन गर्नुपर्छ ।
- ✓ प्राथमिक विद्यालयमा पढ्ने उमेर समुहका १७४२ बालबालिका अझै पनि दिपायल सिलगढी नगरपालिकामा बिद्यालय बाहिर रहेका छन् । सुदूरपश्चिमको पुरानो तथा जिल्ला सदरमुकाम रहेको नगरपालिकामा यति ठुलो संख्या विद्यालय बाहिर रहनुले यहाँका कर्मचारी, जनप्रतिनिधी तथा नागरिक समाजलाइ समेत झस्काउँछ । आगामी दिनमा यो संख्यालाई सुन्यमा झार्ने योजना ल्याउनु पर्छ ।

- ✓ महालेखा परिक्षकको प्रारम्भिक प्रतिबेदन अनुसार आर्थिक बर्ष ०७८।०७९ मा ३ करोड ३० लाख ९१ हजार रुपैयाँ बेरुजु देखिएको छ । अघिल्लो आर्थिक बर्षमा २ करोड ६६ लाख ७५ हजार रुपैया बेरुजु रहेकोमा यो बर्ष जम्मा १ करोड ४ लाख ४ हजार मात्र सम्परिक्षणबाट घटाइएको छ । दिपायल सिलगढी नगरपालिकाले बेरुजु फच्र्यौटमा बिशेष पहल गर्नुका साथ बेरुजु न्यूनीकरणतर्फ ध्यान दिन जरुरी छ ।
- ✓ पालिकामा ४७ दरबन्दी स्वीकृत रहेकोमा समायोजन सहित ९२ दरबन्दी छ । जसमध्य प्रमुख प्रशासकीय अधिकृत, प्रशासन अधिकृत, लेखाअधिकृत सहित १८ पद रिक्त रहेका छन् । यसले बिषयगत कार्यक्रम संचालन सेवा प्रवाह तथा कार्यसम्पादनमा असर परेको छ । छिटो पदपुर्ती गर्न सुझाव दिन्छु ।
- ✓ नगरपालिकामा १ सय ५ जना करार कर्मचारीहरु राखि बार्षिक १ करोड ८७ लाख खर्च भइरहेको छ । अत्यावश्यक बाहेक अन्य करारका कर्मचारी हटाउनु उचित हुन्छ ।
- ✓ बालविबाह मुक्त वडा घोषणा अभियानलाई निरन्तरता दिन जरुरी छ ।

✓ कार्यालयले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापदण्ड बनाउनुपर्ने, निर्धारित मापदण्ड बमोजीम अनुगमन गर्नुपर्ने, तयसको प्रतिवेदन तयार गर्नुपर्ने र अनुगमन गरी तयार गरेको प्रतिवेदन सार्वजनिक गर्नुपर्नेमा उक्त गुणस्तर मापनको मापदण्ड नै बनाएको देखिएन। उक्त मापण्ड बनाई कार्यान्वयन गर्नुपर्दछ।

✓ नगरभित्रका ३६ विद्यालयमध्य ६ विद्यालयमा सून्य दरबन्दी रहेको तर विद्यार्थीसंख्या उल्लेख छ। एक्वाएर आविमा एक सय ७८ विद्यार्थीका लागि १ शिक्षक छन् भने शारदा विमा ६७ विद्यार्थीका लागि ४ शिक्षक छ। अतः बिद्यार्थी संख्या अनुसार दरबन्दी मिलान तथा विद्यार्थी कम देखिएका विद्यालय मर्ज गर्नु पर्ने देखिन्छ।

✓ मापदण्ड अनुसारका प्रअको व्यवस्थापन गर्नुपर्ने छ।

✓ नगरपालिकाले सञ्चालन गरेको नगर बस सेवाले जनतालाई राम्रो सुविधा भएको छ, यसलाई थप प्रभावकारी वनाईनु पर्ने देखिन्छ।

✓ केही कर्मचारीहरु कार्यालयमा र फाँटमा नवस्ने गरेको गुनासो आएको छ, त्यसैले नगरपालिकाको आन्तरिक प्रशासन चुस्त वनाउनु पर्ने देखिन्छ।

✓ नगरपालिकाभित्र करार कर्मचारीहरुको संख्या धेरै देखिएको छ, त्यसमा पनि श्रेणीबिहिन कर्मचारीहरुको संख्या अधिक छ। त्यसैले नगरपालिकाले जनशक्ति व्यवस्थापन र परिचालनको बिषयमा ध्यान दिनु जरुरी देखिन्छ। नगरपालिकालाई आवश्यक पर्ने कर्मचारीको बिषय क्षेत्रगत संख्या पत्ता लगाउन जनशक्ति बिश्लेषण गर्नु पर्ने देखिन्छ।

✓ नगरपालिकाले सञ्चालन गरेको बिद्यालय गाभ्ने अभियान राम्रो देखिएको छ। यसलाई अझ निरन्तर गर्नु पर्ने देखिन्छ।

✓ नगरपालिकाले सञ्चालन गर्ने भौतिक पूर्वाधारहरुका कामले असार मसान्तमा भिडभाड बढी हुने गरेको देखिन्छ, यसले गर्दा उपभोक्ताहरुले भुक्तानीका लागि पटक पटक धाईरहनु परेको गुनासो गरेका छन्। यसका लागि नगरपालिकाले कार्यक्रम कार्यान्वयन बार्षिक कार्यतालिम ( Operation calander_ बनाई लागु गर्नु पर्ने देखिन्छ।

✓ नगरपालिकाले सञ्चालन गर्ने योजनाहरुलाई उत्पादनसंग जोडेर रोजगारी सिर्जना गर्नेतिर ध्यान दिनु पर्ने देखिन्छ।

✓ नगरपालिकाले संस्थागत बिद्यालयको भौतिक पूर्वाधारको पनि अनुगमन गरि राष्ट्रिय मापदण्ड अनुसारको पूर्वाधार निर्माणका लागि निर्देशन दिनु पर्ने देखिन्छ। सामुदायिक बिद्यालयका भौतिक पूर्वाधारहरुको पनि अनुगमन गर्नु पर्ने देखिन्छ।

✓ नगरपालिकाले बिद्युतीय नागरिक बडापत्रको अभ्यास गरेको राम्रो छ, यसलाई वडातहमा पनि बिस्तार गर्दा राम्रो हुन्छ।

✓ नगरपालिकाको वेवसाईट नियमित अद्यावधिक हुने गरेको देखिदैन। नगरपालिकाले सूचनाको हक सम्वन्धी ऐन, २०६४ अनुसार स्वतः सार्वजनिक गर्नु पर्ने सूचनाहरु सार्वजनिक गर्ने गरेको पाईएन।

मोहन शाही<br>
सामाजिक परीक्षक<br>
हस्ताक्षर

# आर्थिक बर्ष ०७८।०७९ को सामाजिक परीक्षण सम्पन्न भएको प्रतिवेदन

१. पृष्ठभूमि

'सामाजिक परीक्षण' भनेको कुनै पनि संस्थाको सामाजिक कार्य सम्पादनको परीक्षण गर्ने कार्य हो, जसमा सरोकारवालाले सामाजिक कार्य सम्पादनका लागि भविष्यमा गर्न सकिने सुधारको आशा राख्दछन् । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा सामाजिक परीक्षणलाई "सामाजिक जिम्मेवारीको लेखाजोखा" भनेर परिभाषित गरिएको छ । यसकारण स्थानीय तहहरूले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे/नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्य नै सम्वन्धित स्थानीय तहको सो आर्थिक वर्षको सामाजिक परीक्षण हो । आर्थिक लेखापरीक्षण र सामाजिक परीक्षण बीच केही समानताहरू छन् । यी दुवैमा अभिलेख र प्रक्रियाको जाँच र त्यसको सारांश र प्रतिवेदन तयारी गरिन्छ । तर तात्विक फरक के हो भने सामाजिक परीक्षणमा व्यवस्थापन, बोर्ड सदस्य, कर्मचारी, सेवाग्राही, समुदाय, नीति निर्माता सबैलाई संस्थाको सामाजिक कार्य सम्पादनको लेखाजोखाको अवसरमा सहभागी गराइन्छ, भने आर्थिक लेखा परीक्षणमा लेखापरीक्षकले आफ्नो राय मात्र उल्लेख गर्दछन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) स्थानीय तहहरुले सामाजिक परीक्षण गर्नु पर्ने भन्ने व्यवस्था गरेको छ । यस्तै दिपायल सिलगढी नगरपालिकाले निर्माण गरको सामाजिक परीक्षण कार्यविधि, २०७५ ले आर्थिक बर्ष सम्पन्न भएको पहिलो चार महिनाभित्र सामाजिक परीक्षण गरिसक्नु पर्ने व्यवस्था गरेको छ । उक्त कार्यबिधि अनुसार सामाजिक परीक्षणका लागि विज्ञको समूहलाई सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिनु पर्दछ । साथै, निर्धारित योग्यता भएको विज्ञ उपलब्ध भएको कुनै परामर्शदाता संस्था, कम्पनी वा फर्मलाई समेत सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिन सकिन्छ । सामाजिक परीक्षण कार्यको सहयोग तथा समन्वयका लागि स्थानीय निकायले एक समन्वय समितिको गठन समेत गर्न सक्दछ । तर, समन्वय समितिको गठन बाध्यात्मक भने छैन ।

सामाजिक जिम्मेवारी पूरा गरे/नगरेको सम्वन्धमा अनुसन्धानात्मक ढंगबाट अध्ययन तथा विश्लेषण गरे पश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गर्नु पर्दछ । छलफलमा उठेका सवाल र जवाफलाई समेटी अन्तिम प्रतिवेदन तयार गरिन्छ । यसलाई स्थानीय निकायको योजना तर्जमु ाका विभिन्न चरणमा, सामाजिक तथा जनसंख्या समिति र परिषद्मा पेश गर्नु पर्ने प्रावधान रहको छ । यसरी स्थानीय निकायबाट भएका कामहरूले सामाजिक उपलब्धि के कति हासिल भए सोको विश्लेषणबाट प्रभाव सम्मको आंकलन गर्न सामाजिक परीक्षण विधि निकै प्रभावकारी भएको देखिन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुसरण, सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनबाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्न स्थानीय निकायलाई ठूलो टेवा पुग्ने गर्दछ । यसैको आधारमा भविश्यको रणनीति तथा योजना तयार गर्ने कार्यका लागि यसका निश्कर्षहरूले सघाउँछन् । सामाजिक परीक्षण कार्यविधि, २०७५ को अधिनमा रही दिपायल सिलगढी नगरपालिकाले दोश्रो पटक बिधिवत् रुपमा सामाजिक परीक्ष कार्य गर्ने अभ्यास अन्तरगत आर्थिक वर्ष २०७८/०७९ को सामाजिक परीक्षण गरेको छ ।

२. उद्देश्य

मुख्यतया सामाजिक परीक्षण गर्नुका निम्न उद्देश्यहरु रहेका छन :

- ✓ नगरपालिकाले एक वर्षसम्म गरेका क्रियाकलापहरुमा सरोकारवालाहरुको बृहत छलफल गर्ने ।
- ✓ स्रोतको समानुपातिक वितरण र सहयोग गर्ने प्रक्रियाका सबै क्रियाकलापहरुलाई पारदर्शी बनाउने ।

- ✓ आगामी दिनका लागि सरोकारवालाहरुसंग सुझावहरु संकलन गर्ने ।
- ✓ नगरपालिकालाई पारदर्शी, जवाफदेही र उत्तरदायी वनाउने ।
- ✓ नगरपालिकाको न्युनतम् शर्त तथा कार्यसम्पादन मापनमा उत्तीर्ण हुन सहयोग पुऱ्याउने ।

### ३. सामाजिक परीक्षण अध्ययन विधि

सामाजिक परीक्षणको कार्यलाई अनुसन्धानात्मक ढंगबाट अगाडि बढाउने क्रममा देहाय बमोजिमका विधिहरूको प्रयोग गरिएको थियो ।

### ३.१ सन्दर्भ सामग्री समीक्षा र अध्ययन

- ✓ स्थानीय तह सम्वन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू
- ✓ स्थानीय तहको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य
- ✓ आवधिक तथा वार्षिक योजना (विषयगत कार्यालयहरूको समेत)
- ✓ सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्वन्धी अभिलेख तथा सूचना
- ✓ गत आर्थिक वर्षको सामाजिक परीक्षणको प्रतिवेदन
- ✓ नागरिक बडापत्र
- ✓ वार्षिक तथा चौमासिक प्रतिवेदनहरू
- ✓ नगरपालिकाका अन्य अभिलेखहरु र प्रकाशनहरू

### ३.२ अन्तरवार्ता र समूह छलफल

जनप्रतिनिधिहरु, प्रमुख प्रशासकीय अधिकृत, सामाजिक बिकास अधिकृत, शाखा प्रमुख, आयोजना प्रमुख, विषयगत कार्यालय प्रमुखसँग अर्धसंरचित (Semi-structured) अन्तरवार्ता गरिएको थियो । प्रमुख समस्या, चुनौती तिनीहरूको सम्पादनको अवस्था र भावी कार्यदिशाका बारेमा गहन अध्ययन गरी बुँदागत रूपमा प्रतिवेदन तयार गरिएको थियो ।

### ३.३ प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल

नगरपालिकाको सामाजिक परीक्षण कार्यविधि, २०७५ को अनुसूची २ मा उल्लिखित ढाँचामा आधारित प्रारम्भिक प्रतिवेदन देहाय अनुसारका शीर्षकमा केन्द्रीकृत रही छलफलका लागि प्रस्तुत गरिएको थियो ।

सामाजिक परीक्षणका निष्कर्षहरू

- ○ सामाजिक परीक्षणले औंल्याएका सवालहरू
- ○ सवालहरूको प्राथमिकीकरण
- ○ यी सवालहरूलाई सम्बोधन गर्ने प्रतिबद्धता
- ○ सामाजिक प्रतिवेदनले समेट्न नसकेका विषयवस्तु /सुझावहरू संकलन

### ४. अध्ययनका सीमा

दिपायल सिलगढी नगरपालिकाको सामाजिक परीक्षण भएता पनि नगरभित्र कृयाशील र नगरको बिकासमा प्रत्येक्ष वा अप्रत्येक्ष रुपमा योगदान दिने केही सरकारी तथा गैह्रसरकारी संस्थाहरूबाट भएका प्रयास तथा उपलब्धिलाई समेत यस अध्ययनमा समावेश गर्ने प्रयास भएको छ। छोटो समयावधि र सीमित स्रोतको परिधिभित्र रहेर कार्य सम्पन्न गर्नुपर्ने भएकाले यस किसिमका सम्पूर्ण संस्थाहरूलाई भने समावेश गर्न सकिएको छैन । साथै, अधिकांश सूचनाहरू द्वितीय श्रोतबाट संकलन भएका र प्राथमिक श्रोतबाट प्राप्त सूचनाहरू सूचनादाताको मौलिक विचारबाट पनि प्रभावित भएका हुन सक्दछन् ।

## ५. बृहत् छलफल (प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल) कार्यक्रमको विवरण

### ५.१ प्रारम्भिक प्रतिवेदन प्रस्तुतिको तयारी

सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुतिको कार्यक्रममा उपस्थित भई अन्तरक्रियामा सहभागी हुन नगरपालिकाका प्रमुख सरोकारवालाहरू तथा उपभोक्ताका प्रतिनिधिहरू (नागरिक समाज, पीछडिएका वर्ग, सञ्चारकर्मीहरु, वालवालिकाका प्रतिनिधिहरु, महिला प्रतिनिधि, स्थानीय गैसस, सामुदायिक संस्थाहरूलाई पत्र तथा टेलिफोन मार्फत् आमन्त्रण गरिएको थियो ।

### ५.२ कार्यक्रम विवरण

| | |
|---|---|
| क) मिति | : २०७९ कार्तिक २९ गते |
| ख) स्थान | : दिपायल सिलगढी नगरपालिकाको सभाहल |
| ग) समय | : बिहान ८: ३० देखि ११ बजे सम्म |
| घ) उपस्थिति | : ४७ (महिला : १२, पुरुष : ३५) |

### ५.३ कार्यक्रम सञ्चालन विधि

सन्दर्भ सामग्रीको अध्ययन, अन्तरवार्ता, छलफलबाट प्राप्त सूचना तथा नतिजाको आधारमा सामाजिक परीक्षकद्वारा तयार गरिएको सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन कार्यशाला गोष्ठीको आयोजना गरी प्रस्तुत गरिएको थियो । सो कार्यक्रम सञ्चालन गर्दा सामाजिक परीक्षण कार्यविधि, २०७५ ले निर्देशित गरे बमोजिमका विधिहरूको अनुसरण गरिएको थियो । यसप्रकार सो कार्यक्रममा तपसिल बमोजिका कृयाकलापहरू समाविष्ट गराइएका थिए ।

- सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुति कार्यक्रममा सहभागीहरूको उपस्थिति (सहभागीहरूको नाम, पद तथा प्रतिनिधित्व गरेको संस्था समेत उल्लेख गरी) राखिएको थियो ।
- कार्यक्रमको प्रारम्भमा सहभागीहरूलाई कार्यक्रमको उद्देश्य, सञ्चालन विधि, समय र आचारसंहिताबारे जानकारी प्रदान गरिएको थियो ।
- सामाजिक परीक्षकबाट अनुसूची-२ बमोजिमको ढाँचामा तयार गरिएको विवरण प्रस्तुत गरिएको थियो ।
- कार्यक्रममा प्रतिवेदन प्रस्तुत भएपछि सामाजिक परीक्षकको तर्फबाट कार्यक्रमका सहभागीहरूसंग खुला छलफलको माध्यमबाट प्रतिक्रिया तथा सुझाव आह्वान गरिएको थियो
- सहभागीहरूले कार्यक्रममा राखेका विचार, सुझाव तथा प्रतिक्रियाहरूलाई सामाजिक परीक्षकले टिपोट गरेका थिए ।
- सामाजिक परीक्षण कार्यक्रममा उठके ा विषयवस्तुहरूकोआधारमा सामाजिक परीक्षकलेसारसंक्षेप तयार गरी प्रतिवेदनमा समावशे गरिएको छ ।

### ५.४ कार्यक्रमको विस्तृत विवरण

| | |
|---|---|
| कार्यक्रम सञ्चालक | : रमेशचन्द्र जोशी (सामाजिक विकास अधिकृत, नगरपालिका) |
| सभाध्यक्ष | : बिजय सिं खड्का (नगर प्रमुख) |

अतिथिहरु

: कलावती साँउद -(उप प्रमुख )
: शंकर सुचीकार (प्रमुख प्रशासकीय अधिकृत)
:  बिषयगत शाखाहरु
: गैससका प्रतिनिधिहरु
: सञ्चारकर्मीहरु

स्वागत मन्तव्य तथा कार्यक्रमको उद्दश्यमाथी प्रकाश : शंकर सुचीकार (निमित्त प्रमुख प्रशासकीय   अधिकृत)

आचार संहिता प्रस्तुत   : मोहन शाही (सामाजिक परीक्षक)

प्रारम्भिक प्रतिवेदन प्रस्तुत : मोहन शाही (सामाजिक परीक्षक)

जिज्ञासा र सुझावका लागि खुला छलफलको सहजीकरण र बुँदा टिपोट : बिक्रम खड्का (सहयोगी )

**सुझाव तथा शुभकामना मन्तव्य** : उप प्रमुख कलावती साउँद

धन्यबाद ज्ञापन तथा समापन मन्तव्य : नगर प्रमुखद्धारा आएका सुझावहरु कार्यान्वयन गर्ने प्रतिवद्धता  सहित कार्यक्रम समापन भएको जानकारी ।

**५. ५ समग्रमा प्रस्तुतिकरणमा समावेश भएका विषयवस्तुहरू**

- नगरको छोटो परिचय
- नगरपालिकाका प्राथमिकता तथा लक्ष्यहरू
- गत वर्षका मुख्य मुख्य उपलब्धिहरू
- गत वर्षका नीति तथा कार्यक्रमहरु
- सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन गरिएका मुख्य मुख्य  नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू
- सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता
- आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू
- आगामी दिनमा सुधारको लागि चाल्नुपर्ने कदम तथा सुझावहरू

कार्यविधिको अनुसूची २ बमोजिमको विवरण संलग्न गरिएको छ ।

सामाजिक परीक्षकको नाम : मोहन शाही

दस्तखत :

# कार्यशाला गोष्ठीमा प्रस्तुत भएको सामाजिक परीक्षकको प्रतिवेदन

**१. नगरपालिकाको प्रारम्भिक जानकारी**

क) संक्षिप्त परिचय

विगतमा सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको क्षेत्रीय सदरमुकाम रहेको दिपायल सिलगढी नगरपालिका तत्कालिन वाइसे, चौवीसे राज्यकालमा डोटी प्रदेश एवं डोटी राज्यको नामले चर्चित रहेको थियो । राणाकालमा डोटी गौंणाको नामले सिलगढीमा प्रशासनिक केन्द्र स्थापना भई अछाम, वभ्काङ्ग, वाजुरा, जुम्ला र वैतडीसम्मको प्रशासनिक कार्य सिलगढीस्थित गौंणावाट संचालन हुने गरेको थियो । यस नगरपालिका ऐतिहासिक महत्व वोकेको विभिन्न सभ्याताहरुको संगमस्थलका रुपमा रहेको छ। तत्कालिन समयमा डोटी राज्यको राजधानी रहेको यस क्षेत्रको शिक्षा एवं सभ्यताको विकास तथा प्रभाव पश्चिममा भारतको कुमाउ, गढवाल तथा पूर्वमा गोरखा राज्यसम्म परेको थियो । हालको दिपायल दिल्पेश्वर मठ रहेको स्थानमा राजा दिलिपको दरवार एवं तपस्यास्थल रहेको छ । यिनै राजा दिलिपको नामले नै दिपायल नामाकरण गरिएको र शैलेश्वरीको पौराणिक नाम सिलादेवी रहेको र हाल नेपाली सेनाको रुद्रध्वज गण रहेको स्थानमा राष्ट्रिय विभुती स्व.अमर सिंह थापाको ढुंगा अर्थात् सिलाहरु जम्मा गरी गढी निर्माण भएको हुँदा सिलाको गढीबाट सिलगढी नामाकरण गरिएको हो भन्ने मान्यता रहेको छ । वि.सं. २०३८ सालमा कोटभैरव र तिखा गाउँ पञ्चायतका केही बस्तिहरु मिलाएर प्रारम्भमा दिपायल नगर पञ्चायत र पछि बि.सं. २०४८ सालमा साविक भमरडाँडा र तिखा गाविस मिसाएर १४ वटा वडाहरुमा विभाजन गरिएको थियो । नेपालको संविधान-२०७२ वमोजिम संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था वमोजिम स्थानीय तह पुन:संरचना आयोगको सिफारिस वमोजिम वि.सं.२०७३ सालमा साविक लडागडा गाविस, कलेना गाविसका पुरै वडाहरु तथा खातिवडा गाविसको वडा नं. ४,५,६ र वगलेक गाविसको वडाहरु ८ र समेतलाई मिलाई दिपायल सिलगढी ननगरपालिकाको क्षेत्र विस्तार गरी हाल जम्मा वटा वडाहरु भित्र यो नगरपालिका फैलिएको छ ।

ख) नगरपालिकाको सिमाना

२०७३ सालको स्थानीय तहको पुनर्संरचना अनुसार दिपायल सिलगढी नगरपालिकाको सिमाना निम्नानुसार कायम भएको छ :

**पूर्वमा** : पूर्वी चौकी गाउँपालिका र अछामको चौरपाटी गाउँपालिका

**पश्चिममा** : डोटीको शिखर नगरपालिका

**उत्तरमा** : डोटीको आदर्श सायल गाउँपालिका

**दक्षिणमा** : डोटीको के.आई.सिंह गाउँपालिका

**ग) वडागत बस्तीको बिवरण**

| वडा नं. | बस्तीहरु | साविकको गाविस/नगरपालिका र वडाहरु |
|---|---|---|
| १ | घटालीगाउँ, सासम गाउँ, सिरखोली सैन, गाउँ सिरखोली, गोसेडा, गैरीगाउँ, तिखा, | दिपायल सिलगढी नगरपालिका वडा नं. ११ र १२ |
| २ | बिमानस्थल, दिपायल घारी, पुनेबाटा, पुनेतोला, खुल्लेक | दिपायल सिलगढी नगरपालिकाको वडा नं. १०, खातिवडा गाविसको ४-६ |

| | | |
|---|---|---|
| ३ | बाँफी, सैन, पटकानी, ईछाली, खैरतोला, भट्टे ओडार, पुलवजार, दिपायल मठ, बिमानस्थल, दुर्गा भराण | दिपायल सिलगढी नगरपालिका वडा नं. ८ र |
| ४ | राजपुर, कुमालीकोट, पिपल्ला, कुलपाते, जोगीडाव्रे | दिपायल सिलगढी नगरपालिका वडा नं. ७ |
| ५ | ईन्द्रचोक, मेकचन, दमाई टोल, दशैंघर, गौरीकुण्ड, धामीगाउँ, पुन्ना गाउँ, बागठाँटा, लेकठाँटा, घोलताडा, बजगाउँ | दिपायल सिलगढी नगरपालिका वडा नं. ४–६ |
| ६ | मल्लो वजार, नाचन्थली, सिलगाउँ, लक्ष्मी टोल, कृष्णालय टोल, शिवालय टोल, जगेरावारी, सरस्वती टोल, सरकारीवारी, टुँडिखेल, थापला | दिपायल सिलगढी नगरपालिका वडा नं. १–३ |
| ७ | रातुली, टाँक, माथिल्लो उडीतोला, उडीतोला, पालेपन, भवरडाँडा, गाउँ पाकरी, ओठपाकरी, बालासैन, पानीखोला, कोईरेली, कानेगडा, भाँडी ओडार, वाटीगडा, पुतली सेलाउन्या, कुन्जेडी, पानीखोला | दिपायल सिलगढी नगरपालिका वडा नं. १३ र १४, |
| ८ | वेड, मेल्तोली, देउरा, सेरी, सेटीगाउँ, डाँडा गाउँ, गोदडा र नारी दाङ | लडागडा गाविसका वडा नं. ३ लडागडा गाविस वडा नं. १, २, ४– |
| | मल्लो कलेना, प्याटी, मछन्तोला, गुँडे, तल्लो केलेना, खेतकाट्टे, काँडागाउँ | कलेना गाविस, बगलेक गाविसका वडा नं. ८ र |

स्रोत : नगर प्रोफायल, २०७५

**घ) राजनैतिक एवम् प्रशासनिक विभाजन**

**प्रदेश** : सुदूरपश्चिम
**जिल्ला** : डोटी
**सदरमुकाम** : सिलगढी
**नगरपालिका** : दिपायल सिलगढी
**नगरपालिकाका वडा संख्या** : ९

ङ) भौगोलिक स्थिति :

**कुल क्षेत्रफल** : १२६.६२ वर्ग किमि (१२६६१.८१हेक्टर)
**समुद्री सतह देखिको उचाई** : ६०० मि. देखि २१५६ मि. सम्म
**आक्षांस** : २ डिग्री १६ मिनेट उत्तरी अक्षांस
**देशान्तर** : र ८० डिग्री ५६ मिनेट पूर्वी देशान्तर

च) मुख्य नदी/खोलाहरु :
सेती नदी, द्वारीखोला, गोधरेगाड, कुतेड गाड, चाकगाड, शासम खोला, ठुलिगाढ खोला, कलेना  खोला, भोगरेगाड, वर्खाखोला, मुसेखोला, घट्टको खोला,

**छ) मौसमी अवस्था**

| | |
|---|---|
| **औषत वर्षा** | : १३४७ मी.मी. |
| **न्यूनतम तापक्रम** | : –२० डि.से. |
| **अधिकतम तापक्रम** | : ४४.४ डि. से. |
| **हावापानी** | : लेकाली देखि अर्धउष्ण |

ज) धार्मिक स्थलहरु :

| वडा नं. | धार्मिक, पर्यटकीय स्थलह |
|---|---|
| १ | तिखामालिकागढी ,कालाढुङ्गा, कालिका भगवती मन्दिर तिखा, तेडिथान तिखा,गौडिबाघ देवता मन्दिर तिखा, गौडिबाघ देवता सिरखोलीसैन, झाडदेशी मन्दिर सिरखोली सैन,  वड्डा सिमायल मन्दिर गाउं सिरखोली, भगवती मन्दिर गोसेडा, सिरखोलीसैन  झोलुंङ्गेपुल, सेतीनदी, गोदरे खोला झोलुंगे पुल |
| २ | कोटभैरब, डोटीराजाको दरबार, योगेश्वर मन्दिर, सेती नदीको पक्कि पुल, गोदरे खोला  (गोदावरी नदी) |
| ३ | बासुधारा, दिल्पेश्वरमठ, दुर्गा मन्दिर, भागेश्वर, सालमुनि, तडि मन्दिर, सेती नदीमाथिको झोलुङ्गेपुल |
| ४ | केदार मन्दिर, भगवती मन्दिर, राजपुर बजार, पिपल्ला बजार, कुमालीकोटको निमाउने मन्दिर, भवानी मन्दिर, कुलपाते, समुवागाड |
| ५ | दुधेश्वर मन्दिर, शैलेश्वरी भण्डार, नवादेबी मन्दिर, कालाढुङ्गा भवानी, महादेब शिला, तेडी मन्दिर, राधाकृष्ण मन्दिर, लाटा मन्दिर, मष्टा मन्दिर लेकठाँटा, धनमौरी मन्दिर,  नवदुर्गा भवानी मन्दिर, शैलेश्वरी भँणार, खतडा भँ |
| ६ | शैलेश्वरी मन्दिर, मष्टामहाराज मन्दिर, सरस्वतीस्थान, मल्लो राधाकृष्ण मन्दिर, राम  ६ मन्दिर, लक्ष्मीनारायण मन्दिर, हनुमान स्थान, शिव मन्दिर मालिकास्थान मन्दिर, भीमसेन  मन्दिर, तेडी मन्दिर थाप्ला, लाटा देवता मन्दिर, शैलेश्वरी भँणार |
| ७ | ठूलो गडो, शैलेश्वरी भगबती उत्पत्ति भएको ठाउं, दुर्गा भगवती मन्दिर, महाकालिका  देबता मन्दिर, तेडी माण्डौं, दुर्गा जात्रा, बास्कोट गिणी देबतास्थान, भद्रकाली, नजदुर्गा, केदारेश्वर (बैश्य देबता) भवानी मन्दिर, तेडी मन्दिर, मष्टा देबताको मन्दिर, डाडाँबाग  मन्दिर, मसानी मष्टा देवता, कालिका मन्दिर, निमाउने मन्दिर, सत्संगाले मन्दिर,  सिलाकोट बाघघेरे सल्लाघारी, रल्लेकोट बहधुरा सल्लाघारी सेती नदी किनार |

| | |
|---|---|
| ८ | सुनादेबी मन्दिर, सेती नदी, नारीदाङ्ग, त्रिबेणीधाम नारीदाङ्ग, घटाल मन्दिर, मष्टामाण्डौं डाडाँगाउं, तेडी मन्दिर सेटीगाउं , पोखरेल देबता मन्दिर देउरा गाउं, तेडी मन्दिर ड्गाउं, चौड्याल देबता मन्दिर, बेडगाउं सल्लेरी, चौड्याल देवता मन्दिर मेलतोली |
| | शिबशक्ति गूफा, दुधेश्वरी, तेडी मन्दिर, मछेन्तोला र तल्लो कलेना, तेडी कल्याणी माता मन्दिर, एक्कवायर मन्दिर, मष्टा मन्दिर मछेन्तोला र तल्लो कलेना, लाटा मन्दिर, बगलेकी मन्दिर, गीरीचौका मन्दिर, कलेना कोट, बंगला, मष्टेश्वर गुफा, भवानीस्थान, देउगडा पिपल चौतारा, कठिउरे मन्दिर, खापर मन्दिर, |

स्रोत : नगर प्रोफायल, २०७५

झ) व्यापारिक केन्द्रहरु

सिलगढी, दिपायल, राजपुर, पिपल्ला, बिमानस्थल

ञ) जनसंख्या विवरण :

| जिल्ला/स्थानीय तह | जनगणना घर संख्या | परिवार संख्या | प्रारम्भिक जनसंख्या २०७८ | | |
|---|---|---|---|---|---|
| | | | जम्मा | पुरुष | महिला |
| दिपायल सिलगढी नगरपालिका | 6111 | 8601 | 36906 | 17884 | 19022 |

स्रोत : नगर प्रोफायल, २०७५

**ट) बनस्पति तथा वन्यजन्तु**

**वनस्पति** : साल, सल्ला, सिसौं, बाँस, निगालो, उत्तिस, कटुस, सिमल, साज, आदि बन्यजन्तु : बाघ, भालु, दुम्सी, स्याल, बाँदर, आदि

**चराचुरुङ्गी** : डाँफे, मुनाल, च्याखुवा, कालिज, ढुकुर आदि

**जडिबुटी** : चिराईतो, दालचिनी, टिमुर, बोझो, सुगन्धवाल, अमला, रिठ्ठा, तेजपात, पाषाणवेद, सिलाजित, सुनझडी, झार्ला, कुरिलो, चुत्रा, जटामासी, सुनगाभा, कचुर, असुरो, हर्रो, बर्रो, तितेपाती आदि

**ठ) सामाजिक सेवा तथा फोहर मैला व्यवस्थापन :**

अग्नी नियन्त्रक दमकल : १
एम्वुलेन्स : १ (चालु अवस्थामा नरहेको)
नगर बस : ३
डोजर : १ (चालु अवस्थामा नरहेको)
टिपर : १ (चालु अवस्थामा नरहेको)
फोहर उठाउने ट्याक्टर : २
सार्वजनिक शौचालय संख्या : ८
सरसफाई मजदुर संख्या : ६

**ड) सडक/यातायात**

कालोपत्रे सडक (राजमार्ग) : ३० कि.मि.

कालोपत्रे सडक (नगरभित्र) : ६.५ कि.मि.
ग्रावेल सडक : ६७ कि.मि.
कच्ची सडक : १० कि.मि.
सडक पुगेका वडा : ९
हवाई मैदान : १

**ढ) साक्षरता अवस्था**
**कुल साक्षरता प्रतिशत (६ वर्ष भन्दा माथीको जनसंख्यामा)** : ६४.
**महिला साक्षरता प्रतिशत** : ४७.
**पूरुष साक्षरता प्रतिशत** : ८२.३

ण) शैक्षिक स्थिति

१. शैक्षिक संस्था संख्या

| क.सं. | शैक्षिक संस्था बिबरण | संख्या | | |
|---|---|---|---|---|
| | | सामुदायिक | संस्थागत | जम्मा |
| १ | वालविकास केन्द | ४१ | | ४१ |
| २ | आधारभूत बिद्यालय | २७ | ७ | ३४ |
| ३ | माध्यामिक विद्यालय | ९ | ७ | १६ |
| ४ | फरक प्रकृतिका माध्यमिक | २ | | २ |
| ५ | प्राबिधिक शिक्षालय | | | १ |
| ६ | स्नातक/स्नातकोत्तर तह | | | २ |

स्रोत : शिक्षा शाखा, दिपायल सिलगढी नगरपालिका, डोटी (२०७९)

२. बिद्यार्थी संख्या

| क्र.सं. | तह | बिधार्थी संख्या | | |
|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा |
| १ | वालविकास केन्द | १०३० | ८२२ | १८५२ |
| २ | आधारभूत तह (१-५) | ३०९५ | ३०२० | ६११५ |
| ३ | आधारभूत तह (६-८) | १५११ | १३२५ | २८३६ |
| ४ | माध्यमिक तह (-१०) | ८२५ | ७१२ | १५९७ |
| ५ | माध्यमिक तह (११-१२) | ४६९ | ४८५ | ९५४ |

स्रोत : शिक्षा शाखा, दिपायल सिलगढी नगरपालिका, डोटी (२०७९)

३.शिक्षक संख्या

| क.स. | तह | जम्मा दरबन्दी | | | कैफियत | |
|---|---|---|---|---|---|---|
| | | दरबन्दी | राहत | निजीस्रोत | जम्मा | |
| १ | वालविकास केन्द्र | ३७ | | १० | | |
| २ | आधारभूत तह(१-५) | ९५ | २२ | ६ | | |
| ३ | आधारभूत तह (६-८) | १८ | १७ | ७ | | |
| ४ | माध्यमिक तह (-१०) | १५ | १३ | ८ | | |
| ५ | माध्यमिक तह (११-१२) | २ | ४ | | | |

स्रोत : शिक्षा शाखा, दिपायल सिलगढी नगरपालिका, डोटी (२०७९)

त) स्वास्थ्य सेवा

| क.स. | विवरण | संख्या |
|---|---|---|
| १ | सरकारी अस्पताल | १ |
| २ | प्रहरी अस्पताल | १ |
| ३ | नीजि अस्पताल | २ |
| ४ | सामुदायिक अस्पताल | १ |
| ५ | स्वास्थ्य चौकी | ४ |
| ६ | आधारभुत स्वास्थ्य सेवा केन्द | ४ |
| ७ | वर्थिङ्ग सेण्टर | ९ |
| ८ | नगर स्वास्थ्य केन्द्र | ४ |
| | महिला स्वास्थ्य स्वयंसेविका | ५८ |
| १० | आयुर्वेदिक औषधालय | १ |
| ११ | खोप केन्द्र | २४ |

स्रोत : स्वास्थ्य शाखा, दिपायल सिलगढी नगरपालिका, डोटी (२०७९)

### ३. नगरपालिकाका प्राथमिकताका क्षेत्रहरु तथा लक्षहरू :

**३.१ सोच :** *"नगरक्षेत्रमा स्वास्थ्य, शिक्षा, कृषि, पशुपालन, पूर्वाधार बिकास, जडिबुटी, जलस्रोत र पर्यटकीय क्षेत्रको उचित ब्यबस्थापन एवं बिकास गरी समृद्ध नगर बनाउने ।"*

### ३.२ लक्ष

कृषि योग्य जमिनको सदुपयोग,ब्यबसायिक पशुपक्षीं पालन, धार्मिक तथा पर्यटकीय क्षेत्रको संरक्षण,पर्वद्धन र ब्यबस्थापन, लैगिंक तथा समाबेशीकरणमा जोड, उद्यमशिलताको बिकास, भौतिक पूर्बाधारको बिकास, स्थानीय स्रोत साधन र जनशक्तिको परिचालन गरी गरिबी घटाउदै स्वस्थ,समृद्ध एवम्समुन्नत नगर बनाउने ।

### ३.३ उद्देश्य

- ✓ नगरलाई भेरियन्ट कोभिड-१९ को महामारीबाट जोगाउदै जनजीवन सामान्य तर्फ फर्काउने ,
- ✓ आर्थिक सामाजिक रुपले पछाडी परेका घर परिवार, वर्ग र समुदायको जिवनस्तर उठानु,
- ✓ जलवायु परिवर्तन अनुकुलन, विपद जोखिम न्यूनिकरण गर्दै नगरवासीको उत्थानशिलता विकास गर्न सहयोग गर्ने,
- ✓ कृषिमा लगानी गरी रोजगारी सृजना गर्ने,
- ✓ गुणस्तरीय, दिगो भौतिक पूर्वाधारको बिकास गर्ने,

- ✓ बालमैत्री, महिला मैत्री र समाबेशी नगरको बिकास गर्ने,
- ✓ पुर्णसरसफाई युक्त, बाताबरण मैत्री नगरपालिका निर्माण,
- ✓ आन्तरिक पर्यटनलाई प्रबर्द्धन गर्ने कार्यमा जोड दिने ।
- ✓ सम्पुर्ण नगरवासीको जीवनमा गुणस्तरीय परिवर्तन ल्याउनको लागि शिक्षा, स्वास्थ्य, आय आर्जन र सामाजिक सशक्तिकरणका एकिकृत विकास कार्यक्रमहरु संचालन गर्ने,

## ३.४ अपेक्षित उपलब्धी

नगरका मुख्य बजार क्षेत्रहरु आर्कषक र सुबिधायुक्त हुनेछन्, सबै ग्रामीण बस्तीहरुमा बिजुली, खानेपानी सडक सुबिधा पुग्नेछ। बिद्यालय उमेर समूहका सबै बालबालिका बिद्यालयको पहुंचमा हुनेछन, नगरमा एउटा हरियाली सहित समाबेशी पार्क निर्माण हुनेछ, धार्मीक पर्यटकीय क्षेत्रको संरक्षण हुनेछ । भेरिएन्ट कोभिड-१९ नियन्त्रणमा रहने छ, कृषि प्रणालीमा सुधार भई रोजगारी सृजना हुनेछ। नगरमा रोजगारीको सृजना भई गरिबी घट्नेछ।

## ३.५ नगरपालिकाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा लिईएका नीतिगत आधारहरु

- ✓ नेपालको संविधानको अनुसूचि ८ र ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यको निर्देशक सिद्धान्त र नीतिहरु,
- ✓ संघीय सरकारले अंगिकार गरेको पन्धौं आवधिक योजना (२०७६।०७७(२०८०।०८१ ले निर्धारण गरेको लक्ष्य नीति तथा प्रथमिकताहरु,
- ✓ संघीय सरकारले अंगिकार गरेका आर्थिक तथा वित्तिय नीतिहरु,
- ✓ संघीय सरकार एवं प्रादेशिक सरकारबाट प्राप्त बजेट सिलिङ्ग र सोको साथमा प्राप्त बजेट तर्जुमा गर्दा लिनु पर्ने आधारहरु,
- ✓ सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत प्राप्त सुझावहरु
- ✓ राजस्व परामर्श समितिको प्रतिवेदन,
- ✓ विगत वर्षहरुमा सम्पन्न भएका नगर परिषद एवं नगर सभाका बैठकहरुबाट भएका निर्णयहरु,
- ✓ नगर कार्यपालिकाले योजना तर्जुमाका लागि निर्णय गरी तोकेका आधारहरु,
- ✓ स्थानीय तहकोबार्षिक योजना तथा बजटे तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित),
- ✓ स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा तोकिएका स्थानीय तहका अधिकारहरु
- ✓ नेपाल सरकारबाट आ.ब.२०७७।०७८ का लागि पारित नीतिहरु सु.प. प्रदेश सरकारबाट आ.ब.२०७७।०७८ को बिनियोजन बिधेयकको सिद्धान्त, उद्देश्य, प्रथमिकता र प्रमुख नीति
- ✓ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।०२।२० पत्र अनुरुप को
- ✓ कोभिड १ को परिदृष्यमा स्थानीय तहको बार्षिक बजेट तर्जुमा गर्दा ध्यान दिनु पर्ने बिषयहरु
- ✓ नगरपीलकाको पार्श्र्व चित्र, नगरपालिकाको गुरुयोजना,
- ✓ संघीय र प्रदेश सरकारबाट समपुरक अनुदानको लागि आवश्यक पर्ने लागत साझेदारी रकम ।

## ३.६ नगरपालिकाको प्राथमिकता क्षेत्र

क) आर्थिक बिकास :

- ✓ कृषिमा आधुनिकीकरण, यान्त्रिकीकरण तथा ब्यवसायीकरण गरि कृषि उत्पादनमा वृद्धि
- ✓ पकेट क्षेत्रको पहिचान गरी कृषकलाई एकिकृत रुपमा सेवा
- ✓ कृषि तथा पशु बीमा कार्यक्रम

- ✓ पशुपालन तर्फ युवाहरुलाई आकर्षित गर्न नगरपालिकाबाट सहुलियत
- ✓ सीपमूलक तालिम कार्यक्रम सञ्चालन
- ✓ नगरवासीलाई स्थानीय स्तरमा लगानी गर्न अभिप्रेरित
- ✓ प्रत्येक महिना बजार अनुगमन
- ✓ मदिरा बिक्री वितरणलाई व्यवस्थित गरिने
- ✓ पर्यटन प्रवर्द्धनका लागि गुरु योजना तयार पारी कार्यान्वयन
- ✓ सहकारी
- ✓ रोजगारी तथा गरिबी

ख) सामाजिक विकास :

- ✓ लैङ्गिक समानता तथा सामाजिक सामावेशीकरण : शिक्षा, स्वास्थ्य
- ✓ सामाजिक परिचालन
- ✓ युवा तथा खेलकुद्, बालबालिका
- ✓ कला संस्कृति, जेष्ठ नागरिक, अपाङ्गता

ग) पूर्वाधार बिकास :

- ✓ पूर्वाधारतर्फ परिणाममुखी ठूला आयोजनाहरुलाई प्राथमिकता दिइने
- ✓ नगर यातायात गुरुयोजना (**MTMP**) अद्यावधिक
- ✓ योजना फरफारक गर्दा preproject र post project photo को नीति अबलम्बन घर नक्सा पास
- ✓ सडक बत्ति र सिसि क्यामेरा जडान
- ✓ भवन निर्माण आचार संहिता एवम् भवन मापदण्डको पूर्ण पालना
- ✓ समावेशी पार्कको निर्माण
- ✓ नगरको सिंचाई गुरुयोजना
- ✓ नगरको भौतिक पूर्बाधारमा महत्व राख्ने ठूला आयोजनाको लागि बिस्तृत परियोजना प्रतिबेदन( डिपिआर) तयार पार्न र आबस्यकता अनुरुप बाताबरणीय प्रभाव मूल्यांकन (EIA) एबं प्रारम्भिक बातारणीय परीक्षण (IEE) गर्ने कार्यलाई प्राथमिकता
- ✓ स्थानीय विपद तथा जलवायु उत्थानशील योजना (LDCRP) तर्जुमा गरि कार्यान्वनमा ल्याउनेछ

## ४. नगरपालिकाले बहन गरेको सामाजिक जिम्मेवारी

| सामाजिक जिम्मेवारीको क्षेत्र | आ व ०७७/०७८ को अवस्था | ०७८/०७९ गरिएका प्रयासहरु | ०७८/०७९ को उपलव्धी |
|---|---|---|---|
| स्वास्थ्य | | | |
| स्वास्थ्य चौकी एक घण्टाभित्र पैदल वा यातायात पहुचँ भएको घरधुरी संख्या | ७१०० | ८००० | ९ सय परिवार थप |

| | | | |
|---|---|---|---|
| ५ बर्ष मुनीका बालबालिकाको प्रतिशत | ८ % | १०.२७ % | |
| खोपमा पहँचु भएको संख्या (एक बर्ष मुनीका बालबालिकाको आधारमा) | ८९७ | ७२२ | |
| ४ पटक गर्भवती जाँच गरिएको महिलाको प्रतिशत | ९२% | १०२ % | |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको संख्या | १२८१ | ९९० | |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिका संख्या | - | - | |
| सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने संख्या | ४४१०९ | ४६५४७ | |
| **शिक्षा** | | | |
| आधा घण्टाभित्र प्राथमिक विद्यालय नपुग्ने वालवालिकाको संख्या | | ० | |
| कुल भर्नादर | | ११९.३ | |
| प्राथमिक विद्यालयमा पहुँच नभएका सो उमेर समुहकाबालबालिका संख्या/प्रतिशत | ५-१२<br>१३-१४<br>१५-१६ | ४५०<br>३७०<br>९३३ | जम्मा<br>१७५३ |
| कक्षा १ मा खुद भर्नादर छात्र/छात्रा | | ९२.९ | |
| कक्षा १-५ खुद भर्ना दर | | ९८.३ | |
| प्राथमिक तहमा कक्षा छोड्ने ,कक्षा दोहोऱ्याउने र कक्षा उत्तिर्ण हुने दर | | ६.६, ७.८, ९२ | |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या | | | |
| प्रति कक्षा कोठा विद्यार्थी संख्या | | २६ | |
| स्थानीय तहबाट निर्मित विद्यालय कोठा संख्या | | ६ | |
| दलित बालबालिकाको शिक्षामा पहुँच | | ३२६३ | |
| **बालबालिका महिला तथा समाबेशी क्षेत्र** | | | |
| बाल बिवाहको संख्या | | | |
| सामाजिक बिकृति, विसंगति | | | |
| बाल श्रमको अवस्था | | | |

| पूर्वाधार | आ व ०७७/०७८ सम्मको अवस्था | ०७८/०७९ गरिएका प्रयासहरु | ०७८/०७९ को उपलब्धी |
|---|---|---|---|
| क) सडक | | | |
| कालोपत्रे सडक | ३० कि.मि. | ☒ | ☒ |
| ग्रावेल सडक | ५५ कि.मि. | १२ कि.मि. | १२ कि.मि. |
| ट्र्याक ओपन | ७५ | २० | १७ |
| ख)सिचाँई | | | |
| पोखरी संख्या | २२ | ६ | ६ |
| नहर संख्या | ६ | १ | १ |
| पक्की कुलो संख्या | २८ | ९ | ९ |
| कच्ची कुलो संख्या | ६५ | १० | १० |
| लिफटिङ्ग सिचाई संख्या | | | |
| ग) पशुपंक्षी विकासको अवस्था | | | |
| खोप सेवा | | | |
| पशु उपचार सेवा | गाइ-२२८१, भैसी-३९८,बाखा-३२०३, पंक्षी-४१०५ | | |
| घाँस विकास कार्यक्रम | २४६ परिवारलाई | | |
| बाखा बितरण कार्यक्रम | ४५ परिवारलाई १३५ बाखा | | |

| घ) बित्तीय अवस्था | | | |
|---|---|---|---|
| सूचना | गतबर्षको अवस्था (रकम) | यस अवस्था (रकम) | उपलब्धी रकम |
| कुल आन्तरिक आम्दानी | १,११,५६,०४९.९७ (1.69%) | १३९६६११४.४ (2.39%) | रु २८,१०,०६४ वढी संकलन |
| कुल बाहय् आम्दानी | 646889802.53(98.47) | ५६९६८३९७३(97.66%) | रु ७,७२,०५,८२९.५३ कम रकम आएको |
| कुल आम्दानी | 658045852.5 | ५८३६५००८७ | रु ७,४३,९५,७६५ कम आएको |
| पूँजीगत खर्च | 156935930.9 (33%) | १८१०९३७६२ (३५ %) | |
| सञ्चालन खर्च | 316948869.34 (67%) | ३३६३१२८१३.५१ (६५%) | |
| कुल खर्च | 473884799.9 | ५१७४०६५७५.६४ | |

स्रोत : लेखा शाखा, दिपायल सिलगढी नगरपालिका, डोटी (२०७८)

| सूचना | संख्या | उपलब्धी |
|---|---|---|
| नगरपालिकाको कार्यालयमा नागरिक बडापत्र | | डिजीटल बडापत्र |
| सार्वजनिक सुनुवाई सम्पन्न संख्या | ३ | |
| गुनासो सुनुवाईको अवस्था | | निर्देशिका बनाएको |
| सूचना मागका लागि आएका निवदेनहरुको संख्या | ६ | |
| सार्वजनिक परीक्षणको अवस्था | १ पटक | |

घ) सामाजिक सुरक्षा कार्यक्रम (जेष्ठ नागरिक, एकल महिला)

| दलित जेष्ठ नागरिक | | | अन्य जेष्ठ नागरिक | | | एकल महिला |
|---|---|---|---|---|---|---|
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | जम्मा |
| १२१ | १४८ | २६९ | १०७९ | ४६४ | १५४३ | १०४४ |

ङ) साािजिक सुरक्षा कार्यक्रम (अपाङ्गता भएका व्यक्तिहरु)

| क बर्ग | | | ख बर्ग | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | पुरुष |
| १० | २२ | ३२ | ३१ | ६४ | ९५ | ४१ | ८६ | १२७ |

च) सामाजिक सुरक्षा कार्यक्रम (बाल पोषण अनुदान)

| दलित | | | गैरदलित | | | जम्मा | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | |
| ५४२ | ४३९ | ९८१ | १४३७ | १००१ | २४३८ | १९७९ | १४४० | ३४१९ |
| | | | | | | | | |

छ) न्याय सम्पादन

| लगत | फच्यौंट | किनारा | फच्यौंट | बाँकी |
|---|---|---|---|---|
| २०७७/२०७८ | २०७८/२०७९ | २०७८/२०७९ | २०७८/२०७९ | |
| २० | १८ | १२ | १० | ४ |

खानेपानी तथा सरसफाई

| बिबरण | संख्या |
|---|---|
| खानेपानी योजना २०७८ को सर्भेक्षण | ४२ |
| जम्मा घरधुरी संख्या | ३६५२ |
| खानेपानीबाट लाभान्वित संख्या | २४०८५ |

## रोजगारीको अवस्था

| बिबरण | संख्या |
|---|---|
| स्वरोजगारका प्रयासहरू | ✓ वेरोजगार व्यक्ति १९७७ जना सुचीकृत<br>✓ वेरोजगार व्यक्तिहरुको ज्ञान सीप क्षमता र वजारको मागको आधारमा विभिन्न किसिमका तलिमहरुको सिफारिस<br>✓ आ.व. २०७८/०७९ मा 247 जनाले रोजगारी पाएको |
| सामाजिक परिचालन | उपभोक्त समितिमाफर्त सामुदायिक आयोजनाहरु सञ्चालन गरी सामाजिक परिचालनमा टेवा पुगेका |
| विकासमा समान सहभागिता | ● रोजगारीमा संलग्नमध्ये ६० प्रतिशत भन्दा वढी महिला रहेको<br>● सुचीकृत भएका १९७७ जनामध्य १५०९ जना महिला रहेको ।<br>● ज्यालामा विभेद नगरिएको |

५. नगरपालिकाको संस्थागत क्षमताको लेखाजोखा

| | | | |
|---|---|---|---|
| १. | मानव संसाधन | सातौं तह अधिकृत १, छैटौं तह अधिकृत ५, नासु ११ सहित दरवन्दीमा ६८ र करारमा जना गरि जम्मा १६७ जना कर्मचारी कार्यरत छन् । नगरपालिकाका बिभिन्न स्थानमा ६ जना सरसफाई कर्मचारीहरु रहेको छन् । केही कर्मचारीहरु नियमित रुपमा कार्यालयमा नआउने गरेको, केही कर्मचारीहरु तोकिएको कार्यालय समयसम्म कार्यालयमा नवस्ने गरेको गरेकोअवस्था पाइएं कोछ । केही कर्मचारीहरु कार्यालय पोशाँक पनि नलाउने गरेको देखिन्छ । यसले आन्तरिक प्रशासन कमजोर भएको देखाउँछ । | कर्मचारीहरु नियमित रुपमा कार्यालयमा हाजिर हनु पर्ने देखिन्छ । कर्मचारीहरुसंग कार्यसम्पादन सम्झौता गर्नु पर्ने देखिन्छ । कर्मचारीहरुको कार्यसम्पादनको प्रमुखवाट प्रभावकारी अनुगमन गर्नु पर्ने देखिन्छ । नगरपालिकालाई आवश्यक पर्ने जनशक्तिको बिश्लेषण गर्नु पर्ने देखिन्छ । |

| | | | |
|---|---|---|---|
| २. | भौतिक सम्पत्ति | ● वडा नं. ३ मा एक रोपनी जग्गा र भवन,<br>● कार्यालय रहेको ठाउँमा १० रोपनी जग्गामा १३ काठे तिनतले कार्यालय भवन, दुई तले ८ कोठे अतिथि गृह, ६ कोठा सहितको एक हल, २ कोठे चौकीदार भवन ।<br>● वडा नं. ६ मा ०-४-२-३ जग्गा रहेको र नगर पुस्तकालय वनेको ● वडा नं. ५ मा ३--२-३ मा बषपार्क निर्माण भएको<br>● वडा नं. ३ मा ५--३-३ दिपायल बसपार्कको निर्माण कार्यका लागि ● वडा नं. ६ मा ४-५-०-३ डम्पिङ्ग साईडका लागि<br>● वडा नं. ७ मा खानेपानी मुहान रहके ोलागि ०-८-२-० जग्गा<br>● डोजर १, जीप २ , एम्वुलेन्स १, ट्रयाक्टर २, दमकल १, हातेगाडा ६, | नगरपालिकाले भौतिक सम्पत्तिको संरक्षण सम्वन्धि छुट्टै नीति वनाउनु पर्ने देखिन्छ । नगरपालिकाको नाममा रहको यातायातका साधनहरु सञ्चालनका लागि यातायात परिचालन बिनियम वनाउनु पर्ने जरुरी देखिन्छ । बसपार्क र डम्पिङ्ग साईडलाई तत्काल प्रयोगमा ल्याउनु पर्ने देखिन्छ । डोजर, टिपर र एम्वुलेन्सले सेवाका साथसाथै आन्तरिक आम्दानी पनि बढाउने भएका कारण उनीहरुलाई तत्काल सञ्चालनमा ल्याउनु पर्ने देखिन्छ । |
| ३ | बार्षिक नीति तथा योजना | नगरपालिकाले बार्षिक नीति तथा योजना वनाई कार्यान्वियन गरेको छ । | बार्षिक नीति तथा कार्यक्रम वनाउदाँ नयाँपन देखिने खालका योजनाहरु वनाउनु पर्ने ।<br>जनतालाई उत्पादनसंग जोड्ने र रोजगारी सिर्जना हुने योजनाहरु तर्जुमा गर्नु पर्ने |
| ४ | आयश्रोतहरु | नेपाल सरकारको अनुदन<br>सुदूरपश्चिम प्रदेश सरकारको अनुदान<br>बिभिन्न दातृ निकायहरुको अनुदान<br>आन्तरिक श्रोतहरु :<br>- एकीकृत सम्पत्ति कर/ वहाल कर<br>- मदिरा नविकरण तथा व्यवसाय कर<br>- सवारी पार्किङ्ग शुल्क/ व्यक्तिगत घटना दर्ता /अन्य सेवा शुल्क/सवारी साधन<br>- दर्ता तथा नविकरण/ नक्सा पास दस्तुर<br>- सिफारिस तथा बस्सौनी दस्तुरघर, हल, गेष्टहाउस भाडा/बिविध/मालपोत कर | नगरपालिकाले आन्तरिक आयमा बृद्धि हुने खालका योजनाहरुलाई ध्यान दिनु पर्ने, आन्तरिक आम्दानीलाई योजना तर्जुमा प्रक्रियावाट प्राथमिकतामा परी आएका योजनाहरुमा छनौट गर्नु पर्ने देखिन्छ । |

## ६. कार्यरत कर्मचारीहरुको तहगत बिवरण

| क.स. | पद | तह | संख्या |
|---|---|---|---|
| १ | कार्यकारी अधिकृत | सातौ | १ |
| २ | सामाजिक बिकास अधिकृत | छैटौं | १ |
| ३ | प्रशासकीय अधिकृत | छैटौं | २ |
| ४ | अधिकृत | छैटौं | २ |
| ५ | सि.अ.हे.व./सि.अ.न.मि. | छैटौं | ६ |
| ६ | जनस्वास्थ्य निरीक्षक | छैटौं | १ |
| ७ | हे.अ. | पाचौं | ३ |
| ८ | नासु | पाँचौं | ११ |
| ९ | कम्प्युटर अपरेटर | पाँचौं | १ |
| १० | प्राबिधिक (ओभरसियर) | पाँचौं | ३ |
| ११ | लेखापाल | पाँचौं | १ |
| १२ | सि.अ.हे.व. | पाँचौं | १ |
| १३ | सि.अ.न.मि. | पाँचौं | ३ |
| १३ | सलेपा | चौथो | |
| १४ | प्राबिधिक (सह ओभरसियर) | चौथो | ५ |
| १५ | सहायक कम्प्युटर अपरेटर | चौथो | १ |
| १६ | स.आ.ले.प | चौथो | १ |
| १७ | सहायकस्तार | चौथो | ५ |
| १८ | अ.न.मी. | चौथो | २ |
| १ | ह. सवारी चालक | श्रेणीबिहिन | १ |
| २० | कार्यालय सहयोगी | श्रेणीबिहिन | १४ |

| क.स. | पद | संख्या |
|---|---|---|
| १. | कानूनी सल्लाहकार | १ |
| २. | ईन्जिनियर | १ |
| ३ | ओभरसियर | २ |
| ४ | अ.हे.व/अ.न.मी. | १४ |
| ५ | अमिन | १ |
| ६ | बिभिन्न कार्यक्रम तथा परियोजनातर्फ | १३ |
| ७ | दमकल चालक/फायरम्यान | ५ |
| ८ | लाईब्रेरियन | १ |
| ९. | क.अ./स.क.अ. | ५ |
| १०. | बाल शिशु सहजकर्ता | ६ |
| ११ | बस चालक/सहचालक | ४ |
| १२ | ट्याक्टर चालक | २ |
| १३ | एम्वुलेन्स चालक | १ |
| १४ | जेसिवी ब्याकलोडर चालक/सहयोगी | २ |
| १५ | कार्यालय सहयोगी | १५ |
| १६ | कुचीकार/स्वीपर/माली | १२ |

| | | |
|---|---|---|
| १७ | नगर प्रहरी | ६ |
| १८ | खानेपानी प्लम्वर | १ |
| १९ | खा.पा. चौकीदार | १ |
| २० | हल्का सवारी चालक | १ |

## ७. आर्थिक बर्ष २०७८/०७९ का केही मुख्य नीतिहरु र कार्यान्वयनको अवस्था

| क.स | निती | नीति कार्यान्वयनको अवस्था | |
|---|---|---|---|
| | | भएको | नभएको |
| १. | एक गाउं एक उत्पादनको कार्यक्रम | | ✓ |
| २. | नगरक्षेत्र भित्रका उद्योगहरुको वर्गीकरण | | ✓ |
| ३. | पर्यटन प्रवर्द्धनका लागि गुरु योजना तयार | | ✓ |
| ४. | यस नगरपालिका भित्रका सहकारी तथा वित्तिय संस्थाहरुलाई उत्पादनमूलक क्षेत्रमा लगानीका लागि प्रोत्साहन गर्न तालिम | | ✓ |
| ५ | विदेशबाट फर्किएकाहरुले कुनै उद्यम, व्यवसाय आदि सञ्चालन गरी स्वरोजगार तथा रोजगार हुन चाहेमा उनिहरुको लगानीमा सस्तो बैंक ब्याजमा ऋण प्राप्तिका लागि आवश्यक सहजीकरण र योजनामा आवश्यक अनुदानको व्यवस्था | ✓ | |
| ६ | विद्यार्थीका हातमा पाठ्यपुस्तक तथा शिक्षकको हातमा पाठ्यक्रम कार्यक्रम प्रभावकारी बनाउन शैक्षिक विकासका कार्यक्रम संचालन | ✓ | |
| ७ | अति गरीव परिवारहरुलाई स्वास्थ्य सेवा बीमा गर्ने कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन | | ✓ |
| ८ | बालश्रम न्यूनिकरण गर्दै लगि यसलाई निर्मुल पार्न राम्रो उपलब्धी | ✓ | |
| ९ | नगरको फोहोरलाई दीर्घकालीन व्यवस्थापन गर्न स्थायी ल्याण्डफिल साइटको व्यवर्स्था | | प्रकृयामा |
| १० | खोप सेवा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण लगायतका जनस्वास्थ्य सम्बन्धी सेवाहरु तथा उपचारात्क सेवा | ✓ | |
| ११ | अति गरीव परिवारहरुलाई स्वास्थ्य सेवा बीमा | | ✓ |
| १२ | १००० दिनका बालबालिका, सुत्केरी तथा गर्भबतीलाई प्रोत्साहन कार्यकम | ✓ | |
| १३ | सार्वजनिक तथा पर्यटकीय क्षेत्रहरुमा सार्वजनिक सौचालयको व्यवस्थापन गरिने | ✓ | |
| १४ | एक वडा एक खेलमैदानका स्तरोउन्नतीका कार्यक्रमहरु संचालन गरिने | | ✓ |
| १५ | स्थानीय कला, संस्कृति र साहित्यको जर्गेना गर्ने खालका कार्यकम बनाउन वजेटको व्यवस्था | ✓ | |
| १६ | नगरपालिकामा सरकारी, गैरसरकारी तथा नीजि घर, भवन निर्माण गर्दा अनिवार्य रुपमा नक्सा पास गर्नु पन | ✓ | |

| | | | |
|---|---|---|---|
| १७ | नगर क्षेत्र भित्रका मुख्य सडकहरुको दायां बायां हरियाली एवं सौन्दर्य बढाउन बृक्षारोपण एवं संरक्षण | सबैमा लागु हुननसकेको | |
| १८ | समाजमा रहेका विसंगती तथा विकृती (छाउपडी, जातीय छुवाछुत, लैगिंक विभेद, लागु औषधको प्रयोग जस्ता) को अन्त्यका लागि संचेतनाका कार्यक्रम | ✓ | |
| १९ | नगर यातायात गुरुयोजना (MTMP) अद्यावधिक गरी सोको आधारमा सडक योजना तयार एवं कार्यान्वयन | | ✓ |
| २० | नगरपालिका भित्र बन्ने सबैखाले भवनहरुका लागि भवन निर्माण आचार संहिता एवम् भवन मापदण्डको पूर्ण पालना | | आंशिक |

८. बहिर्गमन मत (Exit poll) को नतिजा

बहिर्गमन मतमा सहभागि भएका जम्मा संख्या (२० जना (महिला , पुरुष)

सेवाको प्रकार अनुसारको संख्या
- सिफारिस लिन ४ जना
- दर्ता नविकरण २ जना
- योजनाको मुल्याङ्कन १ जना
- भुक्तानी लिन ८ जना
- सूचना लिन ५ जना

| क.स | सोधिएको प्रश्न | सहभागिबाट आएको उत्तर | | |
|---|---|---|---|---|
| | | राम्रो | नराम्रो | ठीकै |
| १. | सेवा लिनका लागि को संग सम्पर्क राख्नु पर्छ भन्नेमा तपाईलाइ स्पष्ट जानकारी छ ? | ८ | ४ | ८ |
| २. | सेवा प्रदायक कर्मचारीले तपाई आवश्यकता र अपेक्षा कति बुझ्े जस्तो लाग्यो ? | ५ | ४ | ७ |
| ३ | तपाईप्रति सेवा प्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | ७ | २ | ११ |
| ४ | सेवा प्राप्त गर्नका लागि चाहिने आवश्यक कागजातहरुको वारेमा तपाईलाई जानकारी छ ? | ७ | ७ | ६ |
| ५ | सेवा प्राप्त गर्न अपनाईने प्रक्रिया तपाईलाई कस्तो लाग्यो ? | ३ | ५ | १२ |
| ६ | तपाईले प्राप्त गरेको सेवाप्रति तपाई कत्तिको सन्तुष्ट हुनुहुन्छ ? | ४ | ५ | ११ |

**९. यस बर्षका राम्रा अभ्यासहरु**

- ✓ भैरवकोट-दुधेश्वर पर्यटकीय झोलुङ्गे पुल निर्माण निर्माण

- ✓ महिला उद्यमी, फरक क्षमता भएका अपाङ्ग तथा दलितहरुलाई व्यवसाय दर्तामा ५० प्रतिशत छुट
- ✓ संघसंस्थाहरुको सहयोगमा ०७८ चैतमा वडा नं. ८ लाई बालविवाहमुक्त वडा घोषणा गरिनु
- ✓ बालश्रम निर्मुल गर्नका लागि बिशेष अभियान सञ्चालन गरिएको
- ✓ बजेट तथा कार्यक्रम बनाउन अघि सार्वजनिक रुपमा सूचना प्रकाशन गरिएको
- ✓ धामीगाउँ सडक निर्माण
- ✓ कलेना स्वास्थ्यचौकी डीपीआर तयार गर्नुका साथै भवन निर्माण
- ✓ चौखान माविको ४ कोठे भवन निर्माण
- ✓ वडा नं. २ मा सर्पदंश केन्द्र निर्माण
- ✓ वडा नं. ३ मा स्वास्थ्यचौकी तथा वर्थिङ्ग सेन्टर निर्माण
- ✓ कलेना सडकको वातावरणीय प्रभाव अध्ययन
- ✓ शैलेश्वरी सौन्दर्य निर्माण
- ✓ किशोरीहरुलाई आत्मरक्षा सम्वन्धी तालिम सञ्चालन
- ✓ बिद्यालयहरुमा किशोरीहरुलाई निशुल्क सेनीटरी प्याड बितरण
- ✓ बालबिवाह, छाउपडि प्रथा न्यूनीकरणका लागि प्रयास ।
- ✓ बालश्रममुक्त नगरपालिका वनाउने कार्यक्रम अन्तरगत
- ✓ आधारभुत तहको पाठ्यक्रम निर्माण
- ✓ स्वरोजगार प्रबर्धनका लागि १९७७ जनालाई वेरोजगार सुचीकृत गरी २ सय ४७ जनालाई रोजगारका लागि परिचालन गरिनु
- ✓ आव ०७७/०७८ मा १ करोड ४ लाख ११ हजार भन्दा कम राजश्व संलकन गरेको दिपायल सिलगढी नगरपालिकाले ०७८/ ०७९ मा भने रु १ करोड ३९ लाख ६६ हजार राजश्व संकलन गर्न सफल भएको छ। गतभन्दा २८ लाख बढी राजश्व संकलन भएको छ ।
- ✓ वजार व्यवस्थापन र सार्वजनिक शौचालय निर्माण गर्नु ।
- ✓ १० बर्षे नगर शिक्षा योजना निर्माण
- ✓ आधारभुत तह -कक्षा १-८) पाठ्यक्रम निर्माण
- ✓ शिक्षा पार्श्वचित्र २०७८ निर्माण
- ✓

## १०. सबल पक्षहरु

- ✓ नगपालिकाले बार्षिक नीति तथा कार्यक्रम नियमित रुपमा तयार गर्नु,
- ✓ प्राविधीक तथा योजना शाखातर्फ जनशक्ति अभाव हुन नदिनु
- ✓ सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत भत्ता प्राप्त गर्नेहरुको सूची अद्यावधिक गर्दै उक्त भत्ता वितरणलाई सहज बनाइनु,
- ✓ स्वास्थ्य सेवाको पहुँचमा बिस्तार गर्न बिशेष पहलको थालनु गर्नु ।
- ✓ स्वास्थ्य संस्थाभन्दा एक घण्टा टाढा रहेका एक हजार जनसंख्यालाई स्वास्थ्य सेवाको विस्तार गरी पहुँच बृद्धि गर्नु ।
- ✓ सम्पन्न सबै योजनाहरुको भुक्तानी हुनु

## ११. दुर्वल पक्षहरु :

- ✓ नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम र बजेटको तालमेल मिलाउन नसक्नु,
- ✓ करार जनशक्ति धेरै हुनु, कार्यालयमा भएको जनशक्तीको सही प्रयोग हुन नसक्नु,
- ✓ भौतिक पूर्वाधारका आयोजना कार्यान्वयन गर्ने क्रममा वातावरणीय परीक्षण/प्रभाव मुल्याङकन नहुनु,
- ✓ नगरकार्यपालिकाबाट ठोस तथा परिणाममुखी योजना भन्दा टुक्रे योजनामा प्राथमिकता दिनु
- ✓ आन्तरिक राजश्वबृद्धिमा नगरपालिकाले आवश्यक रणनिती बनाइ कार्यान्वयन गर्न नसक्नु
- ✓ बेरुजु फर्च्यौटमा उल्लेख्य पहल नहुनु ।
- ✓ आयोजनाहरूको प्रभावकारी रुपमा अनुगमन तथा मूल्यांकन नहुनु, सञ्चालन गरिएका योजनामार्फत् दीगो विकासमा जोड दिन नसकिएको तथा आयोजनाहरू कार्यान्वयन गर्दा कार्य तालिका अनुसार गर्न नसकिएको आदि ।

## १२. नगरपालिकाले भोगेका प्रमुख समस्या/चुनौतीहरु :

- ✓ नीति नियम र कानुनभित्र रहेर कार्यसम्पादन गर्न कर्मचारी र जनप्रतिनिधीबिच साझा धारणा र बुझाइ नबन्नु
- ✓ बसपार्कको दिगो व्यवस्थापन हुन नसकेको ।
- ✓ दरवन्दी अनुसार कर्मचारीको पदपूर्ति हुन नसकेको ।
- ✓ फोहरको दिगो व्यवस्थापनमा समस्या ।
- ✓ नयाँ सडकहरु स्तरबृद्धि हुन नसक्दा बिपद्का घटनामा बृद्धि ।
- ✓ नगरभित्रको हुने खाने परिवारहरुबाटै पुनः बालश्रमिक राख्ने प्रयास भईरहनु ।
- ✓ बालबिवाह, छाउपडि प्रथा, बिद्यालय छोड्ने दर, बिद्यालय छोडेर भारत जाने गरेको ।
- ✓ तिव्र बसाई सराईको समस्या
- ✓ खानेपानी अभाव

## १३. नगरबासीहरुवाट आएका गुनासाहरु :

- ✓ नगरपालिकाले विनियोजन गरेको वजेटका वारेमा लामो समयसम्म पनि उपभोक्ताहरुलाई जानकारी नहुने गरेको ।
- ✓ नगरपालिकाले आवधिक योजना वनाई कार्यान्वयन गर्न नसकेको ।
- ✓ आवश्यकताका आधारमा नभई भनसुनका आधारमा योजना पास हुने गरेको ।
- ✓ सेवाग्राहीका गुनासाहरु नसुन्ने गरेको ।
- ✓ बस्तीस्तरको योजना तर्जुमा भेलालाई प्रभावकारी वनाउन नसकेको ।
- ✓ नगरपालिकाले संस्थागत विकास र सुशासनको बिषयलाई पनि केन्द्रमा राखेर काम गर्नु पर्ने ।
- ✓ योजनाहरुको प्रभावकारी अनुगमन हुन नसकेको ।
- ✓ योजनामा नाममात्रको सार्वजनिक परीक्षण हुने गरेको ।
- ✓ नगरसभाले स्वीकृत गरेका योजनाहरुलाई वडास्तरमा सार्वजनिक गर्नु पर्ने र सम्वन्धित टोललाई पनि यसको जानकारी दिनु पर्ने ।

## १४. सामाजिक परीक्षकको तर्फबाट सुझावहरु

- ✓ नगरपालिकाको नीति तथा कार्यक्रम र बिनियोजित वजेटको सम्वन्ध मिलेको देखिदैन । नीति तथा कार्यक्रमले कृषि तथा आर्थिक विकासलाई प्राथमिकतामा राखेको देखिन्छ तर वजेटले भौतिक पूर्वाधारलाई बढी केन्द्रित गरेको देखिन्छ । परिणाममुखि तर सक्नेजति नीति बनाएर योजनाहरुको तर्जुमा गर्नु उपयुक्त हुन्छ । निती तथा कार्यक्रममा उल्लेख भएका नगर

यातायात गुरुयोजना (**MTMP**) अद्यावधिक , सिसि क्यामेरा जडान, समावेशी पार्कको निर्माण, नगरको सिंचाई गुरुयोजना, ठूला आयोजनाको लागि बिस्तृत परियोजना प्रतिबेदन(डिपिआर) तयार पार्न र आबस्यकता अनुरुप बाताबरणीय प्रभाव मूल्यांकन (EIA) एबं प्रारम्भिक बातारणीय परीक्षण (IEE) गर्ने कार्यलाई प्राथमिकता दिने जस्ता नगरको विकासमा महत्व राख्ने योजनाहरु कार्यान्वयन भएका छैनन् ।

- ✓ नगरपालिकाले नवौं नगरसभाबाट मिति २०७८/०३/२२ मा पारित गरेको नीति, बजेट तथा कार्यक्रम स्थानीय राजपत्रमा प्रकाशन गरेको देखिएन । स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय राजपत्रमा प्रकाशन गरी नगरपालिका पारदर्शि हुनुपर्दछ ।

- ✓ टुक्रे योजनाहरु बिनियोजीत गर्नु कार्यकर्तालाई पोस्ने उदेश्य हुन्छ । आर्थिक बर्ष ०७८।०७९ मा ७३९ योजनाहरुमध्य १ लाख सम्मका २१९, १-२ लाखसम्मका १६९, २-५ लाखसम्मका २५७, ५-१० लाख सम्मका ५८, १०-५० लाखसम्मका २६ र ५० लाख माथिका १० योजना मात्र भेटिए । कार्यालयले योजना छनोट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दिर्घकालिन प्रकृतिका ठुला योजना छनोट नगरी सानासाना र टुक्रे योजनामा ठुलो बजेट छुट्याएको अवस्था छ । ठुलो योजना छनोटलाई प्राथमिकता राखिनु पर्दछ ।
- ✓ नगरको बसाईसराई प्रबृती अत्यन्तै लज्जीत बनाउने अवस्थाको छ । आर्थिक बर्ष ०७८।०८९ मा ५ सय २४ जना बसाई सरेर बाहिर गएकोमा जम्मा ६७ जनामात्र यस नगरपालिकामा आएका छन् । यो तथ्यांकले जनप्रतिनीतिहरुले यस कुरामा गम्भिरता नदेखाउने हो भने अवको ७० बर्षमा दिपायल सिलगढी नगरपालिका मानवविहीन क्षेत्र बन्न पुग्नेछ । बसाइसराईलाई निरुत्साहीत गर्ने योजनातर्फ ध्यान दिन जरुरी छ ।
- ✓ आर्थिक बर्ष ०७८।०७९ मा केन्द्रीय अनुदानवाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४ प्रतिशत मात्र रहेको छ । तसर्थ पालिकाको आन्तरिक आय संकलनको दायरलाई फराकिलो पार्दै आन्तरिक आयबृद्धि गर्नेतर्फ ध्यानदिनुपर्ने देखिन्छ ।
- ✓ एक आर्थिक बर्षमा नगरपालिकामा जम्मा ४ वटा मात्र लिखितरुपमा सूचनाको माग आएको छ । सूचनाको हकबारे स्थानीयबासिन्दालाई जागरुक गराउनु पालिकाको पनि दायित्व हो ।
- ✓ सुचनाहरुको भण्डारण, दस्तावेजीकरण तथा अभिलेखीकरण पक्ष संस्थागत हुन सकेको छैन । नगरपालिकाका सूचना कर्मचारीको सरुवासंगै निस्कृय हुने देखिन्छ । सूचनाको व्यवस्थापन संस्थागत बनाउन जरुरी छ ।
- ✓ सार्वजनिक तहले हरेक ३ महिनामा स्वतः सूचना प्रकाशन गर्नु पर्ने प्रावधानलाई नगरपालिकाले कार्यान्वयन गर्न सकेको छैन । सो प्रावधानलाई कार्यान्वयन गर्नुपर्छ ।
- ✓ प्राथमिक विद्यालयमा पढ्ने उमेर समुहका १७४२ बालबालिका अझै पनि दिपायल सिलगढी नगरपालिकामा बिद्यालय बाहिर रहेका छन् । सुदूरपश्चिमको पुरानो तथा जिल्ला सदरमुकाम रहेको नगरपालिकामा यति ठुलो संख्या विद्यालय बाहिर रहनुले यहाँका कर्मचारी, जनप्रतिनिधी तथा नागरिक समाजलाइ समेत झस्काउँछ । आगामी दिनमा यो संख्यालाई सुन्यमा झार्ने योजना ल्याउनु पर्छ ।

- ✓ महालेखा परिक्षकको प्रारम्भिक प्रतिबेदन अनुसार आर्थिक बर्ष ०७८।०७९ मा ३ करोड ३० लाख ९१ हजार रुपैयाँ बेरुजु देखिएको छ । अघिल्लो आर्थिक बर्षमा २ करोड ६६ लाख ७५ हजार रुपैया बेरुजु रहेकोमा यो बर्ष जम्मा १ करोड ४ लाख ४ हजार मात्र सम्परिक्षणबाट घटाइएको छ । दिपायल सिलगढी नगरपालिकाले बेरुजु फर्छ्यौटमा बिशेष पहल गर्नुका साथ बेरुजु न्यूनीकरणतर्फ ध्यान दिन जरुरी छ ।

- ✓ पालिकामा ४७ दरबन्दी स्वीकृत रहेकोमा समायोजन सहित ९२ दरबन्दी छ । जसमध्य प्रमुख प्रशासकीय अधिकृत, प्रशासन अधिकृत, लेखाअधिकृत सहित १८ पद रिक्त रहेका छन् । यसले बिषयगत कार्यक्रम संचालन सेवा प्रवाह तथा कार्यसम्पादनमा असर परेको छ । छिटो पदपुर्ती गर्न सुझाव दिन्छु ।
- ✓ नगरपालिकामा १ सय ५ जना करार कर्मचारीहरु राखि बार्षिक १ करोड ८७ लाख खर्च भइरहेको छ । अत्यावश्यक बाहेक अन्य करारका कर्मचारीको व्यवस्थापन गर्न उचित हुन्छ ।
- ✓ बालविबाह मुक्त वडा घोषणा अभियानलाई निरन्तरता दिन जरुरी छ ।
- ✓ कार्यालयले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापदण्ड बनाउनुपर्ने, निर्धारित मापदण्ड बमोजीम अनुगमन गर्नुपर्ने, तयसको प्रतिवेदन तयार गर्नुपर्ने र अनुगमन गरी तयार गरेको प्रतिवेदन सार्वजनिक गर्नुपर्नेमा उक्त गुणस्तर मापनको मापदण्ड नै बनाएको देखिएन । उक्त मापण्ड बनाई कार्यान्वयन गर्नुपर्दछ ।
- ✓ नगरभित्रका ३६ विद्यालयमध्य ६ विद्यालयमा सून्य दरबन्दी रहेको तर विद्यार्थीसंख्या उल्लेख छ । एक्वाएर आविमा एक सय ७८ विद्यार्थीका लागि १ शिक्षक छन् भने शारदा विमा ६७ विद्यार्थीका लागि ४ शिक्षक छ् । अतः बिद्यार्थी संख्या अनुसार दरबन्दी मिलान तथा विद्यार्थी कम देखिएका विद्यालय मर्ज गर्नु पर्ने देखिन्छ ।
- ✓ मापदण्ड अनुसारका प्रअको व्यवस्थापन गर्नुपर्ने छ ।
- ✓ नगरपालिकाले सञ्चालन गरेको नगर बस सेवाले जनतालाई राम्रो सुविधा भएको छ, यसलाई थप प्रभावकारी वनाईनु पर्ने देखिन्छ ।
- ✓ केही कर्मचारीहरु कार्यालयमा र फाँटमा नवस्ने गरेको गुनासो आएको छ, त्यसैले नगरपालिकाको आन्तरिक प्रशासन चुस्त वनाउनु पर्ने देखिन्छ ।
- ✓ नगरपालिकाभित्र करार कर्मचारीहरुको संख्या धेरै देखिएको छ, त्यसमा पनि श्रेणीबिहिन कर्मचारीहरुको संख्या अधिक छ । त्यसैले नगरपालिकाले जनशक्ति व्यवस्थापन र परिचालनको बिषयमा ध्यान दिनु जरुरी देखिन्छ । नगरपालिकालाई आवश्यक पर्ने कर्मचारीको बिषय क्षेत्रगत संख्या पत्ता लगाउन जनशक्ति बिश्लेषण गर्नु पर्ने देखिन्छ ।
- ✓ नगरपालिकाले सञ्चालन गरेको बिद्यालय गाभ्ने अभियान राम्रो देखिएको छ । यसलाई अझ निरन्तर गर्नु पर्ने देखिन्छ ।
- ✓ नगरपालिकाले सञ्चालन गर्ने भौतिक पूर्वाधारहरुका कामले असार मसान्तमा भिडभाड बढी हुने गरेको देखिन्छ, यसले गर्दा उपभोक्ताहरुले भुक्तानीका लागि पटक पटक धाईरहनु परेको गुनासो गरेका छन् । यसका लागि नगरपालिकाले कार्यक्रम कार्यान्वयन बार्षिक कार्यतालिम ( Operation calander_ बनाई लागु गर्नु पर्ने देखिन्छ ।
- ✓ नगरपालिकाले सञ्चालन गर्ने योजनाहरुलाई उत्पादनसंग जोडेर रोजगारी सिर्जना गर्नेतिर ध्यान दिनु पर्ने देखिन्छ ।
- ✓ नगरपालिकाले संस्थागत बिद्यालयको भौतिक पूर्वाधारको पनि अनुगमन गरि राष्ट्रिय मापदण्ड अनुसारको पूर्वाधार निर्माणका लागि निर्देशन दिनु पर्ने देखिन्छ । सामुदायिक बिद्यालयका भौतिक पूर्वाधारहरुको पनि अनुगमन गर्नु पर्ने देखिन्छ ।
- ✓ नगरपालिकाले बिद्युतीय नागरिक बडापत्रको अभ्यास गरेको राम्रो छ, यसलाई वडातहमा पनि बिस्तार गर्दा राम्रो हुन्छ ।
- ✓ नगरपालिकाको वेवसाईट नियमित अद्यावधिक हुने गरेको देखिदैन । नगरपालिकाले सूचनाको हक सम्वन्धी ऐन, २०६४ अनुसार स्वतः सार्वजनिक गर्नु पर्ने सूचनाहरु सार्वजनिक गर्ने गरेको पाईएन ।

मोहन शाही
सामाजिक परीक्षक
हस्ताक्षर

अनुसूची–१

समाजिक परीक्षण कार्यशालाका लागि गरिएको पत्राचार

# दिपायल सिलगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सिलगढी, डोटी

सुदुरपश्चिम प्रदेश, नेपाल

प.स : ०७९।०८०                                                    मिति :

च.नं.

**विषय : कार्यक्रममा उपस्थिती सम्बन्धमा ।**

श्री ...................................................

...................................................

प्रस्तुत विषयमा यस कार्यालयको आर्थिक बर्ष ०७८।०७९ को सामाजिक परिक्षण कार्यक्रम तपसिल बमोजीमको मिति, समय र स्थानमा आयोजना हुने भएकाले उपस्थितीका लागि अनुरोध छ ।

........................

नि. प्रमुख प्रशासकीय अधिकृत

शंकर सुचीकार

अनुसूची-२
सामाजिक परीक्षण कार्यशालामा सहभागिहरुको उपस्थिति








अनुसूची-२
सामाजिक परीक्षण कार्यशालामा सहभागिहरुको उपस्थिति








अनुसूची-३

सामाजिक परीक्षण कार्यशालामा सहभागिहरुको उपस्थिति


DATE: ..........................

आज मिति २०७९।०४।२६ गतेका दिन दिपायल सिलगढी नगरपालिकाका नगर प्रमुख श्री वाजिसिंह खड्का (विजय) ज्यूको अध्यक्षतामा दिपायल सिलगढी नगरपालिकाको आ.व. २०७८।०७९ को सामाजिक परीक्षण कार्यक्रम न्यायका लागि सञ्चार नेपालको समन्वय सहजिकरणमा निम्न बमोजिमको उपस्थितिमा निम्नानुसार सम्पन्न गरियो।

उपस्थिति

| हस्ताक्षर | नाम थर | पद/कार्यालय/संस्था |
|---|---|---|
| [signature] | श्री वाजिसिंह खड्का | नगर प्रमुख दि.सि.न.पा. |
| [signature] | श्री कलावती महर (साउँद) | नगर उपप्रमुख " |
| [signature] | श्री शंकर सुचिकार | नि.प्र. प्रशासकीय अधिकृत |
| [signature] | श्री कृष्ण बहादुर साउँद | वडा अध्यक्ष वडा नं १ |
| | श्री राजेन्द्र खड्का | " " " २ |
| | श्री नारायणसिं साउँद | " " " ३ |
| [signature] | श्री अशोक कुमार सोप | " " " ४ |
| [signature] | श्री गणेश भण्डारी | " " " ५ |
| [signature] | श्री नरेश मलासी | " " " ६ |
| [signature] | श्री कर्ण ब. विष्ट | " " " ७ |
| [signature] | श्री छत्रख बलायर | " " " ८ |
| [signature] | श्री हर्क ब. साउँद | " " " ९ |
| [signature] | श्री सत्य सुन्दर राज भण्डारी | अधिकृत दि.सि.न.पा. पशु सेवा शाखा |
| [signature] | श्री हिम्मत बहादुर साउँद | कृषि विकास शाखा |
| [signature] | राधिका भण्डारी | स.आई. अपरेटर (पञ्जिकरण शाखा) |
| [signature] | टेक राज भण्डारी | रोजगार संयोजक दि.सि.न.पा. |
| [signature] | खानुमाया लिम्बु (थापा) | शाखा प्रमुख म. तथा बा. शाखा |
| [signature] | राजु वि.के. | का.पा. सदस्य दि.सि.न. ७ |
| [signature] | पार्वती पाण्डे | का.पा. सदस्य दि.सि.न.पा. ४ |
| [signature] | यो. योगेन्द्र ब. खड्का | पो.ब.स. दि.सि.न.पा. |
| [signature] | [illegible] ब. सिाउद | [illegible] दि.सि.न.पा. |
| [signature] | किरण प्रकाश जोगती | सूचना प्र. अ. दि.सि.न.पा. |
| [signature] | लोक बहादुर बोहरा | वारा.के. दि.सि.न.पा. डोटी |
| [signature] | दिल बहादुर भण्डारी | निर्माण व्यवसायिक डोटी |
| [signature] | लक्ष्मीराज ओझा | दि.सि.न.पा. |
| [signature] | टेक प्रसाद [illegible] | दि.सि.न.पा. |

अनुसूची-३
सामाजिक परीक्षण कार्यशालामा सहभागिहरुको उपस्थिति


तेजराज भट्ट ना.प्र.मु. दि.सि.न.पा. [illegible]
श्री तेज ब. खड्का आ.प्रमुख दि.सि.न.पा. [illegible]
कलावती कठायत - को.पो.स. दि.स.न.पा. वडा नं.-2
[illegible] खड्का - का.पा.स. दि.स.न.पा. 9
मिना देवी कठायत का.पा. सदस्य नवा. 8
पुष्पमाया बोहरा (मलासी) का.पा. सदस्य वडा 7
चन्द्रा नेपाली का.पा.स. वडा नं. 6
सागर सिंह साउँद कोषको वडा अध्यक्ष दि.सि.न.पा. 3
विनता देवी साउद का.पा.स. वडा 7, [illegible]
डिल बहादुर भट्ट / अधिकृत दि.सि.न.पा. [illegible]
हरिमाया बम (धामी) दि.सि.न.पा. ५ [illegible] सहायक
चक्रराज भट्ट लेखापाल दि.सि.न.पा.
ई. रमेशचन्द्र जोशी सा.वि. प्राविधिक दि.सि.न.पा.
गजेन्द्र कुँवर, पत्रकार
प्रकाश बम, पत्रकार
विक्रम ब. खड्का प्रेस सल्लाहकार दि.सि.न.पा.
दिनेश जोशी पत्रकार
शिव ब. [illegible] दि.सि.न.पा. [illegible]
नरेन्द्र कुमार खड्का दि.सि.न.पा. [illegible]
[illegible] साउद " " का.स.